मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

한국어
कोरियन भाषा
का लागि एकमात्र विश्वासिलो र भरपर्दो कन्सल्टेन्सी
FAST TRACK
Education Consultancy (P) Ltd., Birtamode
Shanischare Road, Birtamode-5, Jhapa
फोन: ०२३-५४०३५९ / ९८१६०३८८०४

◆ वर्ष : २४ ◆ अङ्क : २९५ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ भदौ २५ गते बुधबार (Wednesday, September 11. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

# पाइपबाट तेल, मूल्य घट्यो

**झापा, भदौ २४।** बहुप्रतिक्षित अन्तरदेशीय पेट्रोलियम पाइप लाइन परियोजनाको मंगलवार अपरान्ह समुद्घाटन गरिएको छ। भारतको मोतिहारीबाट अमलेखगञ्जसम्म बिछ्याइएको सो पाइप लाइन परियोजनाको नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्तरूपमा आ-आफ्नो मुलुकबाट 'स्वीच' थिचेर समुद्घाटन गरेका हुन्।

नेपालको तर्फबाट प्रधानमन्त्री केपी शर्मा ओलीले सिंहदरबारबाट र भारतको तर्फबाट प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँदिल्लीस्थित हैदरावाद हाउसबाट 'भिडियो कन्फरेन्स'मार्फत एकैसाथ स्वीच थिचेर सो परियोजनाको समुद्घाटन गरे। उद्घाटनसँगै मोतिहारीबाट अमलेखगञ्जसम्म पाइपलाइनमार्फत पेट्रोलियम पदार्थ भित्रिएको छ। यो पाइपलाइन दक्षिण एशियाकै पहिलो 'क्रस बोर्डर' परियोजना हो।

पहिलो चरणमा पाइप लाइनबाट डिजेल र त्यसपछि क्रमशः पेट्रोल र मट्टितेल ल्याइने छ।



मोतिहारी-अमलेखगञ्ज पाइप लाइनको दूरी ६९.२ किलोमिटर रहेको छ। जसमा नेपालतर्फ ३६.२ र भारततर्फ ३३ किलोमिटर रहेको छ।

पाइप लाइनबाट दैनिक झण्डै चार हजार किलोलिटर पेट्रोलियम पदार्थ ल्याउन सकिने परियोजनाले जनाएको छ। सो परियोजनाबाट पेट्रोलियम पदार्थ भित्रिन थालेपछि ढुवानी खर्च जोगिने बताइएको छ। पाइप लाइनबाट पेट्रोलियम पदार्थ ल्याउँदा वार्षिक दुई अर्बभन्दा बढी ढुवानी खर्च बचत हुनेछ। पाइपलाइन सञ्चालनमा आएसँगै इन्धन ढुवानी लागतको न्यूनीकरणले पेट्रोलियम पदार्थको उपभोक्ता मूल्यसमेत घटेको छ। मंगलवार मध्यान्हदेखि निगमले डिजेल, पेट्रोल र मट्टितेलमा प्रतिलिटर दुई-दुई रुपैयाँ घटाएको छ। देशभित्र खपत हुने डिजेलमध्ये ७० प्रतिशत अमलेखगञ्जबाट आपूर्ति हुँदै आएको निगमले जनाएको छ।

परियोजनाको उद्घाटनका क्रममा निगमका कार्यकारी निर्देशकसहितको उच्च प्राविधिक टोली अमलेखगञ्जमा रहेको छ। निगम र भारतीय आयल कर्पोरेशनबीच अन्तरदेशीय पेट्रोलियम पाइप लाइन परियोजना निर्माणका लागि सन् २००४मा सम्झौता भएको थियो।

सो परियोजना विविध कारणले एक दशकभन्दा बढी समय रोकिएर रहेको थियो। सन् २०१५को अगष्टमा तत्कालीन वाणिज्य तथा आपूर्तिमन्त्री

(बाँकी अन्तिम पृष्ठमा)

## भद्रपुरबाट साढे दुई लाखको सामान बरामद

**भद्रपुर, भदौ २४।** झापाका सीमावर्ती क्षेत्रमा कपडा तस्करी बढेपछि प्रहरीले सक्रियता बढाएको छ।

चाडपर्वलाई लक्षित गरी तस्कर समूहले भन्सार छलेर धमाधम लत्ताकपडा भित्र्याउन थालेको समाचार आएपछि प्रहरीले भद्रपुर सीमा क्षेत्रमा सक्रियता बढाएको हो। प्रहरीले सक्रियता बढाएसँगै भद्रपुर नाकाबाट भन्सार छलेका लत्ताकपडाहरु बरामद हुन थालेको छ।

यसै क्रममा वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएका सादा पोशाकको प्रहरी टोलीले आइतबार राति २ लाख ५० हजार मूल्य बराबरको कपडा बरामद गरेको छ।

भारतको सोनापिण्डी नाकाबाट भित्र्याइएको ८ पोका पर्दाको कपडा भद्रपुर-५स्थित गणेश मन्दिर नाकाबाट प्रहरीले बरामद गरेको वडा प्रहरी कार्यालयका प्रहरी निरीक्षक यमकुमार श्रेष्ठले जानकारी दिए। बरामद गरिएको कपडा भद्रपुर भन्सार कार्यालय बुझाइसकेको प्रहरीले जनाएको छ।

## जंगली च्याउ खाएर बिरामी

**तेह्रथुम, भदौ २४।** तेह्रथुमको म्याङ्लुङ-७ जिरीखिम्ती बस्ने ३० बर्षीया सुमित्रा नेपाली जंगलबाट ल्याएको च्याउ खाँदा बिरामी परेकी छन्।

सोमवार बेलुका खानासंगै जंगलबाट आफैंले टिपेर ल्याएको च्याउ खाँदा बिरामी भएकी नेपालीको जिल्ला अस्पताल म्याङ्लुङमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय तेह्रथुमले जनाएको छ।

यौन तथा प्रजनन् रोगका विरामीहरुका लागि खुशीको खबर

**आज भदौ २८ गते शनिवारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला।**

**हाम्रा सेवाहरुः** सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीध्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, मलिहरुको महिनावारी गडबढी, सेतोपानी वग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार। त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ।

माता मनकामना आयुर्वेद क्लिनिक
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४५३८, मो. ९८४२७५७६०४)

## आत्महत्या गर्नेमा पुरुष धेरै

**झापा, भदौ २४।** नेपाल प्रहरीको तथ्याङ्क अनुसार नेपालमा आत्महत्या गर्ने मानिसहरूको संख्या बर्षेनि बढ्दो क्रममा छ।

नेपालमा दैनिक औसतमा १६ जनाले आत्महत्या गर्ने र त्यसमध्ये युवा तथा किशोरकिशोरीको संख्या बढी छ। विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) को पछिल्लो तथ्याङ्कले नेपाल धेरै आत्महत्या हुने मुलुकहरूको सूचीमा परेको देखाउँछ।

नेपाल प्रहरीको तथ्याङ्क अनुसार सन् २०१७/०१८ मा नेपालमा ५ हजार चार सय जनाले आत्महत्या गरेका छन्। आत्महत्या गर्नुअघिका संकेतलाई पहिचान गर्न सकेमा धेरैको ज्यान जोगाउन सकिने मनोचिकित्सकहरू बताउँछन्। विश्व स्वास्थ्य संगठनका अनुसार आत्महत्याका कारण विश्वमा प्रत्येक ४० सेकेन्डमा एक जनाको ज्यान जाने गरेको छ।

विश्वभरि प्रत्येक वर्ष आत्महत्याका कारण आठ लाख मानिसको मृत्यु हुने गरेको तथ्यांकले देखाएको छ। डब्ल्यूएचओको सन् २०१६को तथ्याङ्क अनुसार विश्वभरि १५देखि २९ वर्ष उमेर समूहका मानिसको मृत्युको दोस्रो ठूलो कारण आत्महत्या हो। विश्वभरि हुने आत्महत्यामध्ये ७९ प्रतिशत न्यून र मध्यम आय भएका मुलुकहरूमा हुने गरेको डब्ल्यूएचओले जनाएको छ। डब्ल्यूएचओका अनुसार उसका सदस्य राष्ट्रहरूले सन् २०२० सम्ममा आत्महत्या गर्ने दरमा १० प्रतिशतले कमी ल्याउने प्रतिबद्धता जनाएका छन्।

## बिराटनगरमा १२ जनामा डेंगु

**विराटनगर, भदौ २४।** विराटनगरमा १२ जनामा डेङ्गु रोगको सङ्क्रमण भेटिएको छ।

सङ्क्रमित सबै विराटनगरस्थित प्रादेशिक (कोशी) अस्पतालमा उपचार गराइरहेको चिकित्सक डा. संज्ञा ज्ञवालीले जानकारी दिइन्। ती सबै सङ्क्रमित मोरङ र सुनसरीका हुन्।

डेङ्गुको संक्रमण बढेपछि विराटनगर महानगरपालिकाले यसको नियन्त्रणका लागि पहल थालेको छ। डेङ्गु रोगको सङ्क्रमणविरुद्ध जनचेतना जगाउँदै डेङ्गुको सङ्क्रमण हुने स्थानको पहिचान गरी डेङ्गु सार्ने लामखुट्टे, त्यसका लार्भा र प्युपा खोजी गरी नष्ट गर्ने अभियान सञ्चालन गरिएको महानगरपालिकाले जनाएको छ।

डेङ्गु ज्वरोको नियन्त्रणका लागि घरको सरसफाई गर्ने, घर वरिपरि पानी जम्न नदिने, खाल्डो पुरेर राख्ने, पानी जथाभावी जमाएर नराख्ने, बोतल वा फूलदानीमा पानी नराख्ने, घर अगाडि बाटोमा भएका टायर र ड्रमहरूमा पानी जम्न नदिने र आफूले थाहा पाएको

(बाँकी अन्तिम पृष्ठमा)

सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. दीपक पौडेल**
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**दैनिक सेवाहरुः**
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म। २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

सञ्जीवनी अस्पताल प्रालि
बिर्तामोड-१, झापा (०२३-५४४२६०)




आवश्यकता

मेचीनगर-१३ दुवागढी झापास्थित भ्यालिएग्रो फिड प्रालिलाई निम्न कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले आफ्नो वायोडाटासहित सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।

पदः **लेखापाल (एकाउन्टेन्ट)** संख्याः १ जना

**आवश्यक योग्यताः**
१) बाणिज्य वा व्यवस्थापन विषयमा स्नातक उत्तीर्ण
२) लेखा सम्बन्धी कम्तीमा एक बर्षको अनुभव भएको
३) कार्यालयको हिसाबकिताब दुरुस्त राख्न सक्ने
४) लेखा सम्बन्धी सम्पूर्ण कारोबार हेर्न सक्ने

अडिटको लागि अन्तिम तयार पार्न सक्ने, अडिट सम्बन्धी ज्ञान भएको जस्तै : VAT, Income Tax, Salary, Office Expenditure etc.

नोटः जिल्लाभित्रकोलाई विशेष प्राथमिकता **तलबः आपसी समझदारीमा**

सम्पर्कः भ्यालिएग्रो फिड प्रा.लि.
मेचीनगर-१३, दुहागढी, झापा, नेपालEmail:
subodhniroula987@gmail.com
bibekniroula2034@gmail.com
अफिसमा आएर C.V. छोड्न सक्नुहुनेछ।)

**UN Traineeship Programme - Cohort VIII**
Opportunity for full time on the job training assignment
for Candidates from Socially Excluded Groups
**First date of Publication: Tuesday, 10 September, 2019**

On behalf of the United Nations in Nepal, Real Solutions Pvt. Ltd., invites applications from potential Nepali candidates belonging from Socially Excluded Groups.

The programme will be for 11 months period with a full time on the job training assignments with access to mentoring and practical experiences in an international UN working environment. Opportunities for prospective trainees are available in the areas of Child Protection, Civil Engineering, Culture, Developmental Research and Documentation, Education, Emergency Preparedness/Disaster Risk Reduction, Environment, Human Rights/Law, Environment Health, Finance, Gender and Social Inclusion, General Administration, Human Resources, Information Management, Information Technology-User Interface, Knowledge Management, Media and Communications, Planning, Monitoring and Evaluation, Nutrition, Procurement/Supply and Logistics, Programme Support, Public Health, Quantitative/GIS/Spatial Analysis, and Water Sanitation and Hygiene (WASH).
The minimum selection criteria for the applicants are given below:

- University graduate (minimum Bachelor's degree)
- Belonging to a Socially Excluded Group
- Passion to work in the development sectors
- Appreciation of UN Core Values (Professionalism, Integrity & Respect for Diversity)
- Strong commitment to learn
- Willingness to work with diverse groups
- Basic communication skills (oral and written) in English and Nepali languages
- Commitment to complete the assignment during the traineeship period

**To apply interested and eligible candidates can:**
Login to **https://realsolutions.com.np/UNTP-VIII/**,fill up the form (available online) with requested information and attach the Recent Resume, Bachelor's Degree Transcript, Copy of Nepali Citizenship and Motivational Letter (not exceeding 300 words) setting out the reasons why you are seeking a traineeship with UN Agencies and what is expected from the experience. Please clearly indicate your area of interest;
OR
Submit the application along with the following documents in the Email:
**untraineeship@realsolutions.com.np**

- Duly filled Personal Information Form available at **https://realsolutions.com.np/UNTP-VIII/**
- Motivational Letter (not exceeding 300 words) setting out the reasons why you are seeking a traineeship with UN Agencies and what is expected from the experience. Please clearly indicate your area of interest.
- Recent Resume
- Photocopy of Bachelor's Degree Transcript
- Photocopy of Nepali Citizenship

The deadline for application is **17:00 hrs., Tuesday, October 01, 2019.** Application received later than the deadline would not be valid for further process.

A minimal stipend including Provident Fund and Gratuity, as per the prevailing Labor Law of Nepal, will be provided to successful candidates to cover living expenses during the traineeship period. Trainees will be contracted by Real Solutions Private Limited (sub contracted company by UN) and assigned to participating UN Agencies.


In no way should this programme be understood as a full-time employment with a UN Agency.

**UN does not charge fee at any stage of recruitment of UN Trainees (application, interview, processing, training and other fee).**

**Women from socially excluded groups, persons with disabilities and gender & sexual minorities are particularly encouraged to apply. Only short-listed candidates will be informed for further process. Any kind of activity intended to influence the selection process will lead to disqualification.**

हार्दिक बधाई







यस बिर्ता व्याडमिन्टन क्लब बिर्तामोडका सदस्य तथा प्रतिष्ठित व्यवसायी **ओमकृष्ण विमली** नेपाल चेम्बर अफ कमर्श झापाको प्रथम साधारणसभाबाट गरिमामय अध्यक्ष पदमा सर्वसम्मत चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं।

साथै बरिष्ठ उपाध्यक्षमा **सुवास भट्टराई**, उद्योग उपाध्यक्षमा **दीपेन्द्र राउत**, बाणिज्य उपाध्यक्षमा **यमनाथ विमली**, महासचिवमा **प्रदीप खरेल**, कोषाध्यक्षमा **शत्रुधनप्रसाद गुप्ता**, उद्योग सचिवमा **प्रेमा भट्टराई**, बाणिज्य सचिवमा **विरोध सुवेदी**, सदस्यहरुमा **विष्णुप्रसाद आचार्य, शिला ढकाल, गणेश पाठक (सुवोध), टंकप्रसाद भट्टराई, लक्ष्मी बस्नेत, मनोजकुमार अग्रवाल, अर्जुन चुडाल, धरणी पोखरेल, लीला चिमरिया र कृष्ण राजभण्डारी** चयन हुनुभएकोमा सम्पूर्ण निर्वाचित कार्यसमितिलाई हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरुको कार्यकाल सफल बनोस् भन्दै शुभकामना व्यक्त गर्दछौं।

बिर्ता व्याडमिन्टन क्लब परिवार, बिर्तामोड, झापा

# पहुँचको भरमा २१ लाख निकासा, मुसहर ७ परिवार विचल्लीमा

आत्माराम राजवंशी

**गौरीगञ्ज, भदौ २४।** रकम निकासा भएको २ महिना भइसक्दा पनि घर निर्माण नहुँदा दलित समुदायका ७ मुसहर परिवार विचल्लीमा परेका छन् ।

झापाको गौरीगञ्ज गाउँपालिका वार्ड नं. ५ चिल्लाहाराका सात मुसहर परिवारको घर निर्माण गर्न प्रधानमन्त्री जनता आवास परियोजना अन्तर्गत सरकारले २५ लाख रुपैयाँ बजेट बिनियोजन गरेको थियो । तर, उपभोक्ता समितिले घर निर्माण सम्पन्न गर्नु अघि नै बजेट फ्रिज हुने भन्दै पहुँचको भरमा रकम निकासा गरेका छन् । घर निर्माण नहुँदा उनीहरु बिचल्लीमा परेका हुन् । गौरीगञ्ज गाउँपालिकाबाट असार २६ गते इस्टीमेट तयार भई घर निर्माणको कार्य शुरु भएको थियो ।

रकम अनुसारको घर निर्माण नगरेको र निर्माण सामग्री कमसल प्रयोग गरेको भन्दै पीडित दलित परिवारले आक्रोश व्यक्त गरेका छन् । पीडित फागुलाल ऋषिदेवकी पत्नी सुत्ली ऋषिदेवले हावा चल्दा झ्याल, छाना हल्लिने गरेको बताइन् । पानी पर्दा घरभित्र छिरेर सबै लत्ताकपडा र अन्य सामानहरु भिज्ने गरेको उनले बताइन् । छोरा, बुहारी नातिसहित ६ जनाको परिवार रहेको उनले समितिले आफूसंग ३० हजार रुपैयाँ मागेको बताइन् । आफू गरीब विपन्न रहेकोले त्यत्रो पैसा कहाँबाट ल्याएर समितिलाई दिने भनी दुःखेसो पोखिन् ।

८ वटा घर निर्माणका लागि २५ लाख बजेट विनियोजन भए पनि एउटा घरमा विवाद भएपछि ७ वटा घर मात्र निर्माण भएको हो, जुन हालसम्म अधुरो छ । इस्टीमेट अनुसार घरको छानोमा टिपेस बास, वाल प्लस्टर, घरको छानो, झ्याल, ढोका र रंगरोगन गर्ने उल्लेख भए पनि सो अनुसारको कार्य नभएको पीडित राजकुमार ऋषिदेवले बताए । ढोकाको फ्रेम, झ्यालको फ्रेम, पिलर पनि भुइँ माथिबाटै लगाएको उनले बताए ।

'हामीलाई शुरुमा राम्रो घर बनाइदिने भनेर भन्यो, केही दिन पछि टिपेस बासको 'कोर बत्ती' लगाइदिने भने तर पछि त लोकल बाँस लगाएर टिन ठोक्न भने- 'पीडित ऋषिदेवले भने- 'मैले धरौटी वापत २० हजार रुपैयाँ दिएको छु ।

४ वटा घर निर्माण गर्न ठेक्का लिएका रामचन्द्र महतोले ठेक्का लिएको रकम अनुसार पैसा भुक्तानी नपाएको बताए । उनले भने- एक घर निर्माण गर्न ६० हजार रुपैयाँमा ठेक्का लिएको थिएँ, तर पैसा भुक्तानीका बेला समितिले घाटा लागेको भन्दै आफूलाई ५५ हजार रुपैयाँ मात्र दियो ।' १०x१० को २ कोठा र ६ फिट बरण्डा बनाई दिने समितिसँग सम्झौता भएको उनले बताए । रकम निकासाका लागि समितिको निर्णय पुस्तिकामा २०७६ साल असार २९ गते मलाई हस्ताक्षर गर्न लगाए- उनले भने-'समितिले २५ हजार ६ सय रुपैयाँ मबाट लियो ।'

नेपाल सरकारको एक घर बराबर २ लाख ६८ हजार २ सय १७ रुपैयाँ र उपभोक्ताबाट ६७ हजार ६७ रुपैयाँ गरी ३ लाख ३५ हजार ३ सय ३७ रुपैयाँको लागतमा घर निर्माण गरिने इस्टीमेटमा उल्लेख छ । समितिले उनीहरुसंग धरौटी वापत कसैसँग ६ हजार, कसैसँग २० हजार रुपैयाँ लिएको छ ।

गाउँ ब्लकको जग्गामा बर्षौंदेखि बसोबास गर्दै आएका करिब २५ मुहसर परिवारको दयनीय अवस्था छ । ती मध्ये ७ घर परिवारलाई प्रधानमन्त्री आवास निर्माण परियोजना अन्तर्गत आफ्नो पनि नाम सामेल भएकोमा शुरुमा खुशी थिएँ । तर, अन्तिममा आफूलाई निकै दुःखी बनाएको अर्का पीडित गंगाराम ऋषिदेवले बताए । 'एक-एक हिसाब लेखेर राखेको छु, कति सामान आयो र कति खर्च भयो'- उनले थपे - 'मिस्त्री बाहेक १ लाख ५१ हजार ५ सय ४० रुपैयाँ खर्च भएको छ ।' उनले ढुंगा, इँट्टा, बालुवा, रड, चुरी, काँटी, तार, सिमेन्ट, मगरा, प्लाई, झ्याल ढोका, गिट्टीमा लागेको सबै खर्चको हिसाब आफूसँग रहेको बताए । ४० हजारको झ्याल ढोका, १० हजारको कोरोबत्ती, ४ पत्ता टिन, ३ हजार रुपैयाँको मगरा आफैंले खरिद गरी ल्याएको उनले बताए ।

घरमा रहेको गाई, भैंसी, खसी बेचेर घरको ढोका, झ्याल, रड आफ्नै पैसाले खरिद गरी ल्याएको पीडित पुनम ऋषिदेवले बताइन् । उनले भनिन्- 'घरको छानो टिन, वाल प्लस्टर, वरण्डा निर्माण गर्न बाँकी रहेको छ, भएको सबै पैसा सकियो, कहाँबाट ल्याउँ ? ३५ सयमा कोरोवत्ती, १६ हजारमा २ वटा ढोका, १३ हजारमा ३ वटा झ्याल, १० हजार मिस्त्रीलाई दिएको र २ बोरा सिमेन्ट, १ क्वीन्टल रड, चुरी तार र काँटी सबै आफैंले खरिद गरेर ल्याएको उनले बताइन् । खर्च भएको पैसा समितिसंग माग्दा घर निर्माण सम्पन्न भइसकेपछि मात्र दिने भनेको उनले बताइन् ।

घर निर्माण समितिका अध्यक्ष हृदय ठाकुरले इस्टीमेट अनुसार नै घर निर्माण गरेको बताए । ढिलो गरी इस्टीमेट तयार हुनु र छोटो समयमा घर निर्माणका सामग्री व्यवस्थापन गर्नु परेकोले समस्या भएको उनले बताए । उनका अनुसार उपभोक्तालाई लाग्ने लागत उनीहरुको सहमति अनुसार नै गरेको उनले बताए । उनले भने- 'उपभोक्तालाई लाग्ने ६७ हजार रुपैयाँ हो, तर पछि तिर्न नसक्ने भनेपछि ३० हजार कायम गरी सोही अनुसार उनीहरुसँग रकम लिएको हो ।' गाउँपालिकाबाट २१ लाख रुपैयाँ भुक्तानी लिएको उनले बताए ।

पीडितहरुले पत्रकार बोलाएको सुनेपछि गाउँपालिका अध्यक्षसहितको टोली आइतबार उक्त मुसहर बस्तीमा पुगेको थियो ।



गाउँपालिका अध्यक्ष बाबुराजा श्रेष्ठले गरिबको घर बन्छ भनेर किन बजेट फ्रिज गर्ने बरु यसलाई जसरी नि बनाउनुपर्छ भन्ने सोचले रकम समितिलाई निकासा दिएको बताए । समितिको ढिलासुस्ती र कमजोरीले घर निर्माणमा ढिलाई भएको अध्यक्ष श्रेष्ठले बताए । कामै नसकी रकम निकासा दिन नमिल्ने भए पनि समितिलाई विश्वास गरेर निकासा दिएको तर सो अनुसार काम केही बाँकी रहेको अध्यक्ष श्रेष्ठको भनाइ छ ।

## विराटनगरमा ...

सरसफाई सम्बन्धी जानकारी छिमेकीलाई दिएमा यसको नियन्त्रणमा सहयोग पुग्ने सुझाव डा. ज्ञवालीको छ ।

## पाइपबाट ...

सुनिलबहादुर थापा र उनका भारतीय समकक्षी धर्मेन्द्र प्रधानले हस्ताक्षर गरेसँगै परियोजना निर्माण शुरु भएको हो । सो परियोजना निर्माणमा नेपाल र भारत सरकारले अत्यन्त चासो व्यक्त गरेका थिए ।

प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणका क्रममा नयाँ दिल्लीबाट प्रधानमन्त्री ओली र उनका भारतीय समकक्षी नरेन्द्र मोदीले संयुक्त रूपमा पाइप लाइन परियोजनाको शिलान्यास गरेका थिए । परियोजनाको लागत दुई अर्ब ७५ करोड भारतीय रुपैयाँ रहेको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित सो कार्यक्रममा मन्त्रिपरिषद्का सदस्य, विभिन्न मन्त्रालयका सचिवलगायत नेपाल सरकारका उच्चपदस्थ अधिकारीको सहभागिता रहेको थियो ।


**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**सस्तोमा भिटा विक्रीमा**
बिर्तामोड-१ देवी पञ्चकन्या प्लटिङमा १ कठ्ठा भिटा सस्तोमा अर्जेन्ट विक्रीमा छ ।
२० फुटे बाटो । ४० फुट मुख । ९२ फुट लम्बाई । वरिपरि प्लम उठाइएको ।
लोकेशन : (देवी पञ्चकन्या प्लटिङको आइलेण्ड (गोलाई)बाट थोरै उत्तर पश्चिम ।
अर्थात् मोहनमाया स्कूल उत्तरको पार्टी प्यालेसबाट थोरै उत्तर पूर्व)
उच्च ठाउँ र शान्त वातावरण भएकाले घर आवासका लागि अति उत्तम ।
तत्काल पास गर्नेले सम्पर्क गर्नुहोला ।
मो. ९८२३७२६९७९

**Study Korean Language 한국어 कोरियन भाषा**
बिहान -५:०० बजे देखि बेलुका -६:०० बजे सम्म
फास्ट ट्र्याक नै किन ?
Fast Track Education Consultancy (P) Ltd. Birtamode
Birtamode Office
Birtamode-5, Shanischare Road
(Opp. to Everest Bank), Jhapa
Phone No. 023-540359
Mob.: 9816038804, 9863976183

**नतिजा प्रकाशन गरिएको सूचना**
यस पाथीभरा डिपार्टमेन्ट स्टोरद्वारा मिति २०७६ भदौ २१ गते लिएको अन्तरवार्तामा निम्नानुसारका उम्मेदवार उत्तीर्ण भएको जानकारी गराइन्छ ।
१) उत्तम राई २) समिता अधिकारी
३) जुनिता राई ४) मनिष शिवाकोटी
पाथीभरा डिपार्टमेन्ट स्टोर
बिर्तामोड, झापा

**प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना**
त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडमा स्नातक तह व्यवस्थापन संकायतर्फ **चार बर्षे बीबीएस प्रथम (4 yrs BBS First Year)** बर्षमा विद्यार्थी भर्ना खुलेको सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा जानकारी गराउँदछौं ।
**विद्यार्थी भर्ना आवेदन फारम कलेज प्रशासनबाट वितरण भइरहेको छ ।**
सम्पर्कः प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट
बिर्तामोड-१, झापा (फोन नं. ०२३-५४०४४३, ५४०१९५)

**झापा जिल्लाको सबैभन्दा सस्तो घडेरी विक्रीमा**
बिर्तामोड मुक्तिचोकबाट मात्र ३.८ किमी, लक्ष्मीपुर चौकबाट उत्तरतर्फ २.३ किमीको दुरीको अर्जुनधारा नपा-५, पाण्डपुरमा शान्त, हरियाली र स्वच्छ वातावरणसहित सम्पूर्ण पूर्वाधारयुक्त कित्ताकाट भइसकेको १०देखि १८ धुरसम्मका टुक्रा घडेरीहरु धमाधम विक्रीमा (धुरको ४० हजारदेखि ६० हजारको दरमा)।
(१५ कठ्ठा सबै लिनेलाई होलसेलमा)
बैशावाडीमा पनि १ कठ्ठा जग्गा विक्रीमा छ ।
सम्पर्क सुनिलः ९८१५०८०३९१, ९८४१२९८५८३

**होटल विक्रीमा**
बिर्तामोडको नयाँ बसपार्क एरियामा रहेको होटल (खाजाघर) विक्रीमा रहेकाले लिन चाहने व्यक्तिले तु-सम्पर्क गर्नुहोला । मूल्यः धरौटीसहित रु. ५ लाख मात्र ।
सम्पर्कः ९८१४९६५८२०/ ९८१५९८७५३९

**बिर्तामोड नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा १ नं. प्रदेश, नेपाल
**सूचना**
प्रकाशित मितिः २०७६।०५।२५
यस नगरपालिकाबाट चालू आर्थिक बर्ष ०७६।०७७का लागि २०० थान घरायसी वायोग्यास निर्माण गर्नुपर्ने भएको हुँदा इच्छुक वायोग्यास निर्माण कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र) दिनभित्र तपशिल बमोजिमका कागजातसहित दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।
तपशिल
१) वायोग्यास कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि
२) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
३) कम्पनीको स्थायी लेखा नम्बर प्रमाणपत्र प्रतिलिपि
४) यस नगरपालिकामा सूचिकृत प्रमाण
पशुपति खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

**EXPERT EDUCATION & VISA SERVICES**
के तपाई उच्च शिक्षाका लागि अष्ट्रेलिया जाने सोचमा हुनुहुन्छ ?
अष्ट्रेलियन एजुकेशन सेमिनार
FREE ENTRY
२०७६ भाद्र ३० गते, सोमबार
स्थानः एक्सपर्ट अफिस प्राङ्गण
समयः बिहान ११ बजे - बेलुका ४ बजे सम्म
आउनुहोस् अष्ट्रेलियाका विभिन्न शैक्षिक संस्थाका प्रतिनिधिहरुसँग प्रत्यक्ष परामर्श लिई आफ्नो शैक्षिक करियर उत्कृष्ट बनाउनुहोस् ।
Participating Institutions: Southern Cross University Australia; Torrens University Australia; Holmes Institute; NSW TAFE; Box Hill Institute; Brighton College; Federation; qiba
Expert Education & Visa Services 023 546025 / 546026
Level 2, Quality Computer Building, Bhadrapur Road, Birtamod, Jhapa
E: birtamod@experteducation.com.au • www.experteducation.com.au

**कर्मचारी आवश्यकता**
१) पञ्चकन्या हुँदै बाल्मीकि, मुक्तिचोक, कृषिथोक, शनिश्चरेरोड, मातामन्दिर, पुष्पलाल चोकसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला । ( **तलबः ७०००+ बोनस गरेर १०,०००।-सम्म बचाउन आफ्नै मोटरसाइकल भएको हुनुपर्नेछ ।) काम गर्ने समय बिहान ९ बजेसम्म ।**
२) लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालीमुडा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला । **तलबः ५०००+बोनस् गरेर ८,००० सम्म बचाउने, आफ्नै साइकल भएको हुनुपर्नेछ ।**
नोटः ५ लाख बराबरको दुर्घटना बीमा गरिनेछ ।
मो. ९८०१४०४०००, ९८१६६४१५७६





श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टेरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महातारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# हिंसा समाधान होइन

**नेकपा माओवादी विप्लव समूहलाई सरकारले प्रतिबन्ध लगाएपछिका दिनहरु आम जनताका लागि भयमिश्रित, अनिश्चित र दुःखदायी हुन थालेका छन् । अगुल्टोले हानिएका जनताले बिजुली चम्किँदा तर्सिनु, डराउनु, अनिश्चय र दुःखको अनुभूत गर्नु स्वभाविक हो । एक दशकसम्म माओवादीले गरेको सशस्त्र आन्दोलनले क्षतिग्रस्त भौतिक संरचना, व्यक्ति हत्या, लुटपाट र चन्दा आतंकले छियाछिया भएको देश र जनताको मन त्यसकै पुनरावृत्ति हुने आशंकाले भयभित हुन थालेको हुनसक्छ । पछिल्लो पटक झापाको बिर्तामोड नगरपालिकाको चारपानेमा निर्माणाधीन अवस्थाको सहारा नेपालको भवनमा बस बिष्फोट भयो । त्यही दिन गौरादह नगरपालिकाका प्रशासकीय अधिकृतले प्रयोग गर्ने सवारीसाधनमा विष्फोट भयो । विस्फोटको श्रृंखलामा थपिएको यो घटनाले आम जनतामा असुरक्षाको अनुभूति गराएको छ ।**

**बम विष्फोटको जिम्मा कसैले लिएको छैन । तर, विष्फोटको प्रकृतिले विप्लव नेतृत्वको नेकपाले गराएको हुनसक्ने देखाएको छ । जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्र श्रेष्ठले पनि सोही समूहले संलग्नका रहेको हुनसक्ने बताएपछि घटना त्यतैतिरबाट गराइएको हुनसक्ने शंकामा जोड मिलेको छ । यसअघि पनि बिर्तामोड नगरपालिकाको वडा नं. ७, ८ र ९ को वडा कार्यालयमा विष्फोट भएको थियो । यो बाहेक देशका विभिन्न भागमा दिनहुँजसो विष्फोट, चन्दा र घाकधम्कीका घटनाहरु भइरहेका छन् । जसका कारण आम जनताले विश्वासयोग्य सुरक्षा व्यवस्थाको माग गर्नुपरेको छ ।**

**त्यसो त लामो द्वन्द्व र सशस्त्र हिंसाले बानी पनि परेको छ नेपालीलाई । राजकीय सत्ता परिवर्तनका नाममा, व्यवस्था पुनर्स्थापना वा आफ्नो विचारलाई विजयी गराउने नाममा धेरै आन्दोलनहरुसँग साक्षात्कार भएका छन् नेपाली । यसले कैयौं टुहुरा भए, कतिको सिन्दर पुछियो, कति सन्तानविहीन भए त कतिको सर्वस्व सकियो । तर, त्यसले दिएको परिणाम फेरि पनि जनताको पक्षमा देखिएन र फेरि आन्दोलन गरिए । यस्ता हिंसाजन्य आन्दोलन वा सशस्त्र द्वन्द्वले लाभभन्दा बढी हानी नै गरेको छ । लाभ नेतृत्व वर्गले लिएका छन् भने पछि लाग्नेहरु भाग्यमा भर परेर बसेका छन् । अहिलेको विस्फोट जस्ता घटना पनि त्यही आन्दोलनको निरन्तरता हो भने यसबाट पनि जनताले केही पाउने छैनन् । यो जनताका लागि 'पाडापाडी जे पाए पनि विगौती' मात्रै हुनेछ ।**

**हतियारसहितको आन्दोलन वा विष्फोट जस्ता आन्दोलनका रुपले दीर्घकालीन उपलब्धि दिँदैन । यसले कतै न कतैबाट जनताको र अन्ततः देशको हानी हुन्छ । देशको ढिकुटी भनेकै जनताको खुन-पसिनाबाट निर्माण भएको हुन्छ । त्यसकारण पनि ढिकुटीमा घुन लाग्नु, क्षति हुनु वा नष्ट गरिनुले जनताकै पसिना व्यर्थ हुन्छ । तसर्थ, सरकारले विद्रोहमा रहेको समूहलाई वार्तामा ल्याएर समाधानको बाटो खोज्ने आँट र अग्रसरता देखाउनुपर्छ । जनता छोराछोरी सरह हुन्छन् भन्ने मान्यता छ । त्यसैले उसले विमति राख्नेहरुलाई घुर्क्याएर, तर्साएर वा धम्की दिएर होइन हार्दिक र सद्भावसहितको उदारताले मन जित्नु पर्दछ । यसमै सबैको कल्याण छ ।**

# भद्रपुरको घाट, सीमाना र समाजको दायित्व



चिन्तामणि दाहाल

**थालनी :**

भद्रपुरमै जन्मी, हुर्की र पढी गरेर केही बर्षदेखि बिर्तामोडबासी भएका मेरा एक सहकर्मी भाई सन्तोष अग्रवालले पाँच दिनअघि फोन गरेर भद्रपुरको संस्कार गर्ने घाट व्यवस्थापन, भारत नेपाल सीमानाको पीडा र समाजको दायित्वका बारेमा कलम चलाउने हो कि भनी सुझाव दिए । त्यसको दुई दिनअघि भद्रपुरकै अर्का सहकर्मी भाइ पार्थ मण्डलले बाँच्ने नेपालमा अनि मर्दाको घाट भारतमा गर्नुपर्ने भद्रपुरकासीको पीडाकै प्रसंग जोडेर घाट व्यवस्थापन नहुँदा मलामीहरुले भोगेको समस्या र एक दुईले गर्मीका कारण ज्यान नै गुमाएको, बेहोस भएको चर्चा गर्दै समाज र स्थानीय सरकारको दायित्वका बारेमा केही उल्लेख गरेर समाचार लेखेका थिए ।

पुर्खाहरुले मेची नदी पारी भारतको गलगलिया छेउको भातगाउँमा मात्र लाग्ने हाटलाई भद्रपुरको अहिलेको हुलाक कार्यालय छेउमा हाट लगाउन थालेका थिए ।

बर्खामास मेची नदी उर्लेर आउने र हप्तै पिच्छे लाग्ने हाट भर्न भातगाउँ जानुपर्ने भद्रपुरका बासिन्दालाई सहज होस भनेर व्यापारीहरुलाई नै भद्रपुरमा ल्याउन शुरु भएको हो । त्यसबेला त्यो हाट लगाइएको ठाउँमा धुपको गाछी थियो र शुरुमा त्यो हाटलाई धुपगाछी हाट पनि भनिन्थ्यो भनेर भद्रपुरकै एक अन्वेषक एस.एल. शर्माले लेखेका छन् । पछि यही धुपगाछीलाई परिवर्तन गरी यस बजारको नाम भद्रपुर राखिएको हो । भद्रपुर नाम २००७ साल अघि नै भएको पाइन्छ । हाट बढ्दै गएर बजारको विकास भयो । भद्रपुरको शुरुको बजार भनेको अहिलेको भाँडा बजार हो भने हुलाक कार्यालय पश्चिम भाँडाकुँडा बजारकै लाइनको केही तल चोक जस्तोसम्मको बजार हो । त्यही चोकमा साप्ताहिक हाट लाग्थ्यो । बजार विकास भएसँगै २००२ सालमा पद्म पब्लिक स्कूलको नाममा हालको भद्रपुर माविको स्थापना भयो । २००७ सालको क्रान्तिपछि मात्रै भद्रपुरलाई झापाको सदरमुकाम बनाइएको हो । पहिला झापा मोरङ जिल्ला अन्तर्गतको एउटा गोश्वारा थियो । त्यसको मुख्य ठाउँ हालको झापा बजार थियो, झापा गाउँपालिकाको ।

भन्ने पीडाले छटपटिन थालेका छन् भद्रपुरबासी । अगुल्टाले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ भने जस्तै ।

भद्रपुरको मेची घाट भद्रपुरमा बसोबास शुरु भएदेखिकै हो । अर्थात् प्राचीनकालदेखि नै । भद्रपुरमा मानव बसोबासको इतिहास प्रामाणिक रुपमा यही नै तिथि मिति हो भन्न सकिन्न । तर, हजारौं बर्षदेखि भद्रपुर आवाद थियो । बजारको विकास सय बर्षभन्दा अघि भयो । बजारको विकाससँगै मानव बसोबास र आउजाउ बढेपछि वारिपारी गर्न मेची नदीमा पुलको कल्पना गरियो । तर, व्यवस्थित घाटको कल्पना गरिएन । फलस्वरुप भद्र मानिसहरु बस्ने भद्रपुरको मेची नदीमा अहिले पनि व्यवस्थित घाट छैन । नदी किनारमा दाहसंस्कार गरिन्छ । गरिँदै आइएको छ । अझ २०५२/०५३ सालदेखि सीमानाको रखवारी गर्ने जंगे पिल्लर सीमाना पिल्लर होइन भनेपछि भद्रपुरबासीले मर्न नेपालमा पाए पनि दाहसंस्कार भारतीय भूमिमा गर्नुपर्ने बाध्यता रहँदै आइएको छ ।

सीमानाका कारण भद्रपुरबासीले दाहसंस्कार गर्ने मेची नदीको घाट भारतीय भूमिमा परिणत भएपछि अब नेपालीहरुले व्यवस्थित घाट बनाउन भारत सरकारको स्वीकृति लिनुपर्ने भएको छ । स्वीकृति लिएर काम गर्नु सहज छैन, तर, असम्भव होइन । कसले पहल गर्ने यसमा समस्या छ ।

नदी पारीपट्टिसम्म हो । मेची र महाकाली नदी आधा आधा होइन । दुबै नदी पुरै नेपालका हुन् । तर, नेपालका आफूलाई धेरै बाठा भनाउँदा राजनीतिक व्यक्तिहरुले नदी आधा-आधा भनेपछि भारतले आधा दाबी गरेको हो र कायम गरेको हो ।

यही गलत ब्याख्याले नेपालको सीमा नक्सा बनाइयो भारतीय सर्भेयरबाटै । अनि २०४५ सालमा दुबै देशका सीमा अधिकारीहरुले नदी सीमाना नमानेर नदीमा पनि स्थायी सीमाना मान्ने सहमति गरेपछि त्यसै आधारमा सन् १८७२/०७३ सालमा भारतीय सर्भेयरले बनाएको सीमा नक्सालाई मानियो र २०५२ सालदेखि सीमा नाप जाँच गरी सीमाना पिल्लर गाड्न थालियो ।

यही आधारमा सयौं बर्षदेखि सीमाना पिल्लर कायम भएको पूर्वको १ नम्बर लेखिएको जंगे पिल्लर संकेत पिल्लर कायम भयो । जंगेले सीमाना पिल्लरको हैसियत गुमाएपछि मेची नदीको सीमाना भद्रपुरतिर सऱ्यो । सदियौंदेखि नेपालकै भूमिमा रहेको मेची घाट भारतीय भूमिमा पऱ्यो । यही कारण पूर्वको पाठामारीदेखि बाहुनडाँगीको तिरिगसम्मको मेची नदी क्षेत्रका हजारौं विगाह जमिन अहिले भारतीय भूमिमा परेका छन् । आफूले सदियौंदेखि भोग्दै आएको जमिन भारतमा कायम भएपछि नेपालको धनीपूर्जा बोकेर बसेका छन् सीमानाका नेपालीहरु ।

**समाजको दायित्व :**

भद्रपुरको मेची घाटलाई व्यवस्थित बनाउन अब भद्रपुर क्षेत्रका समाजका अगुवाले भारतीय सीमान्त क्षेत्रको समाजका अगुवालाई गुहारेर घाटलाई व्यवस्थित गर्न पहल गर्नुपर्छ । स्थानीय सरकार अघि बढ्दा प्रोटोकलदेखि विदेश मन्त्रालयहरु, सरकारहरु क्रियाशील हुन थाल्दा घाट व्यवस्थित बनाउने काममा अर्को मेची पुलको इतिहास दोहोरिन्छ । कहिले बन्छ टुंगो हुँदैन ।

सीमाना समस्या समाधानका लागि समाजले केही गर्न सक्तैन । यो राजनीतिक विषय र दुबै देशकोबीचका सन्धी सम्झौता र सहमतिका कुरा भएकाले सरकार नै सक्रिय हुनुपर्छ । तर, नेपालले सुगौली सन्धीलाई टेकेर बहस र छलफल चलाउने हो भने अहिले कायम गरेको सीमा नक्सा फेर बदल गरेर त्यसबेलाको सीमा नक्साको आधारमा नयाँ नापी गराउन भारतले मान्नुपर्ने हुन्छ ।

त्यो भयो भने जंगे पिल्लरले सीमाना पिल्लरको हैसियत पाउँछ । जंगे पिल्लर सीमाना पिल्लर हुने बित्तिकै अहिले नेपालीहरुले गुमाएको जमिन फिर्ता पाउँछन् । तर, गर्ने कसले । कुन सरकारले । के अहिलेको दुई तिहाईको आफूलाई कट्टर राष्ट्रवादी मान्ने कम्युनिष्ट नेताहरुको सरकारले त्यो हिम्मत राख्न सक्छ ? । प्रश्न कडा छ । उत्तर सहज छैन । मुख चपाएर कुरा गर्ने अहिलेका नेताहरुले त्यो हिम्मत राख्छन् भन्ने लाग्दैन ।



यिनै कुरालाई लिएर पूर्वाञ्चल दैनिकले भद्रपुरको गौरवशाली इतिहास सम्झाउँदै भद्रपुरले कान्छो हुनुहुँदैन भन्ने शीर्षकमा सम्पादकीय नै लेख्यो गएको बुधबारको अंकमा अग्रवाल भाइको सुझाव, पार्थ भाइको समाचार र पूर्वाञ्चल दैनिकको सम्पादकीय पढेपछि पंक्तिकार विगत ४० बर्षदेखि भद्रपुरबासी नै भएको नाताले केही प्रसंग लेख्न मन लाग्यो र ल्यापटपमा अक्षर टंकन गरेको हो ।

**भद्रपुरको घाट :**

सीमान्त नदी भएकै कारण अरुतिर यातायातको पहुँच नभएका बखत मेची किनारमा भद्रपुर बजारको विकास भएको हो । वि.सं. १९७० मा भद्रपुरका पुराना बासिन्दा ओमप्रकास सरावगीका पिता

सात सालको क्रान्तिमा मुक्ति सेनाले झापा बजार त्यहाँको भन्सार कार्यालय कब्जा गरेपछि मात्र राणाहरुको हातबाट झापाको शासन खोसेर मुक्ति सेनाले भैरवप्रसाद आचार्यलाई गभर्नर बनाएर सामयिक सरकार गठन भएको थियो । त्यो सामयिक सरकारको राजधानी भद्रपुरलाई बनाइयो र हालको नयाँ बजारमा गभर्नर हाउस थियो ।

यस्तो गौरवशाली इतिहास भएको भद्रपुरमा पक्की पुल बनाउने परिकल्पना गर्ने सामयिक सरकारको सपना गत साल मात्र पूरा भयो । करिब ७० बर्षको संघर्षपछि मेची नदीमा पक्की पुल बने पनि अझै सहज निकास पाएको छैन भद्रपुरले । सहज निकासका लागि सडक बनाउन कतै फेरि सात दशक त लाग्दैन

**सीमानाको समस्यामा मेची घाट**

पूर्वमा मेची र पश्चिममा महाकाली नदीको सीमाना सन् १८१६ को नेपाल र ब्रिटिश भारतबीचको युद्ध समाप्तिपछि सुगौलीको सन्धीले लगाएको हो । त्यसअघि नेपालको सीमाना पूर्वमा टिष्टा र पश्चिममा कांगडासम्म थियो । दक्षिणमा गंगा नदी जोडिएको थियो । तर, युद्धमा हारेपछि नेपालले हालको नेपालको आधाजति भू-भाग गुमाएर सन्धी गर्न बाध्य भयो । सुगौली सन्धीमा सीमानका बारेमा प्रष्ट के लेखिएको छ भने नेपालका राजा र उनका उत्तराधिकारीले अब उप्रान्त मेची पारी र महाकाली नदी पारीका भू-भागमा दाबी गर्ने छैनन् । यसको अर्थ नेपालको सीमाना मेची नदी पारी पट्टिसम्म र महकाली

# औषधि व्यवसायी संघ र नेतृत्वका आधार



सुरेश खतिवडा

औषधि व्यवसायी अन्य व्यवसायभन्दा फरक र मानिसको जीवनमरणसँग सरोकार राख्ने व्यवसायका रुपमा परिचित छ । जसले यो व्यवसाय अंगालेको छ । उसमा व्यापारिक मनशाय भन्दा पनि सेवा भावना बढि हुनु अपरिहार्य छ । तर, पछिल्लो समय पहिलो प्राकृतिको मनशायको हावीका कारण सर्वसाधारणमा यो व्यवसायप्रतिको विश्वास केही खस्किएको नकार्न सकिन्न । जसलाई मर्यादित र अनुशासित बनाउने कार्यमा यसका नेतृत्वकर्ताहरु अन्तर मनबाट जाग्न र लाग्न जरुरी देखिन्छ ।

केन्द्र र अञ्चलका पूर्वअध्यक्षहरु निवर्तमान अध्यक्षहरु, पूर्व पदाधिकारी तथा सदस्यहरु यस व्यवसायको साख तल गिर्न नदिन त्यतिकै जिम्मेवार बनेर लाग्नुपर्दछ । मेरो कार्यकालमा राम्रो गरेको थिए अहिले भएन अथवा मलाई यसपटक योजनाबद्ध रुपमा पराजित गराइयो भन्नेखालका वितृष्णा फैलने र गलत सन्देश जाने तरिकाका ब्याख्या गरिनुभन्दा पनि अबका नेतृत्वले यसरी जाने हो भने हस्तक्षेपकारी सुझाव र सल्लाह दिन त्यतिकै अग्रसर रहनुपर्दछ ।

देश नयाँ संरचनामा गएसँगै नेपाल औषधि व्यवसायी संघले पनि आफ्नो रुप र आकार परिवर्तन गर्दैछ । अञ्चल शाखाहरु तदर्थ समितिहरु बन्दै प्रदेशमा गाभिएका छन् भने प्रत्येक अञ्चलभित्रका जिल्लाहरुले अधिवेशन गर्दै जिल्ला कार्यसमितिहरु गठन गर्ने क्रममा छन् । प्रदेश नं. १ अन्तर्गत २०४० सालमा स्थापित मेची अञ्चल शाखा अन्तर्गतका जिल्लाहरुमध्ये झापा शाखाको प्रथम अधिवेशन नै अन्तिम जिल्ला अधिवेशनका रुपमा भदौ २७ गते सम्पन्न हुँदैछ । मेची अञ्चलभरिका शाखाहरु मध्ये निकै महत्वपूर्ण मानिएको र उत्सुकतापूर्वक हेरिएको झापा शाखाको नेतृत्व कस्तो हुनुपर्ने हो भन्ने निर्णय अब जिल्लाभरीका औषधि व्यवसायीहरुले गर्ने बेला भएको छ ।

किनकि झापाले स्थानीय निकायदेखि केन्द्रसम्म नै विशेष स्थान राख्दछ । यहाँको नेतृत्व छान्ने क्रममा व्यवसायीहरुले ठूलो समूह, ठूलो भुडी, ठूलो गाडी ठूलो परिवार र ठूलो खान्दानभन्दा पनि ठूलो मन अनि भावना र चाहाना फारकिलो भएको नेतृत्व चयन गर्नुपर्दछ । आयुर्वेदिक र एलोपेथिकका खुद्रा, थोक, सुपर गरी झापा जिल्लाभरि यो व्यवसाय गर्नेको संख्या, चार सय पचासभन्दा माथि रहेता पनि नेपाल औषधि व्यवसायी संघको रेकर्ड पूर्ण नवीकरणसहित चार सय ४६ जनाले प्रत्यक्ष मतदान गर्दै नेतृत्व चयन गर्दैछन् । यो पंक्तियारलाई आफ्ना मुद्दाहरु स्थापित गराउन सामुहिक सहयोग खड्किएको अनुभवका आधारमा निम्नानुसार नेतृत्व चयनका आधारहरु हुन सक्दछन् ।

**१) औषधि व्यवसायीको प्रतिष्ठा जोगाउने नेतृत्व**

औषधि व्यवसायीको व्यापारी होइन । औषधि व्यवसाय भनेको विभिन्न तहमा फार्मेसी पढेका र ओरियन्टेशन गरेका नेपाल सरकारको एक विभागीय निकाय औषधि व्यवस्था विभागमा दर्ता भएका, करको दायरामा समेटिएको, सेवाभाव पहिलो र तोकिएको नाफा दोस्रो प्राथमिकतामा राखिएको प्रतिष्ठित व्यवसाय हो । जहाँ दर्ता भएका औषधिहरुको कारोबार हुने गर्दछ भने अबको नेतृत्वले यसलाई गुमराहमा राखेर हैन खुलेर हाम्रा सेवा भावनाको र समाजमा योगदानको सकारात्मक प्रचार गरिनुपर्दछ । एउटी कुखुरीले त एउटा सानो अण्डा पार्दा आफ्नो सफलताको जानकारी ठूलो आवाज र हलचलले सारा गाउँलाई गराउँदछे भने हामी हाम्रा भएका सकारात्मक प्रभाव बारे प्रचार किन नगर्ने । त्यसकारण संघको राम्रो प्रचार र सन्देश विभिन्न सञ्चारमाध्यमबाट समाजमा प्रचार गर्न र गराउन सक्ने नेतृत्व नैं आवश्यक छ भन्ने बुझेर व्यवसायीले आफ्नो हितमा मतदान गर्नुपर्छ । स्थानीय निकाय, स्थानीय संघ-संस्था संगठन र चलिरहेको कार्यक्रमहरुसँग समन्वय गराएर समाजमा परिचित गराउन सक्ने नेतृत्व आवश्यक छ ।

**२) व्यवहारिक समस्या बुझेको नेतृत्व**

औषधि व्यवसायीका व्यवहारिक समस्याहरु के-के हुन सक्छन् ? सोका बारेमा जानकार नेतृत्व नैं आजको आवश्यकता हो । व्यवसायिक हकहित र सुरक्षा, संस्थाको कामको पारदर्शिता र सूचना प्रवाहसँगै औषधि व्यवसाय स्थान व्यवसायी स्वयम्ले चौविसै घण्टा नगिरनी गर्नु नै पर्ने, खाना खान र फ्रेस हुन समेत व्यवसाय स्थलमा ताला नै लगाउनुपर्ने विषय, व्यवसायीले सहयोगी राख्न पाउनुपर्ने विषय, छरछिमेक र पल्लो पसलेलाई स्वास्थ्य क्षेत्रको भएको नाताले प्रेसर नापी दिन, काटेको घाँउमा वेटाडिन लगाइदिन, ह्यान्डिप्लाष्ट टाँसी दिन अनि परामर्श दिन समेत क्लिनिक दर्ता अनिवार्य गरेको विषय, आक्रमक र प्रचारात्मक अनुगमनले व्यवसायमा परेको नकारात्मक असर, प्रेस्कृप्सनमा लेखिने फुड सप्लिमेन्टस, न्यूट्रासिटिकल्स र मल्टिभिमिन्स बारे घुमाउरो पारामा खुइा व्यवसायीलाई पारिँदै आएको नराम्रो छापको विषय, ढुवानीमा नयाँ व्यवस्थाले ल्याएको व्यावधान जस्ता लुप्त व्यवहारिक विषयमा आवाज बुलन्द बनाइदिने नेतृत्वको हामीलाई जरुरी छ ।



**३) कुर्सी पाउनु जीत होइन चुनौति सम्झने नेतृत्व**

झापा जिल्ला खुल्ला सीमाना भारतसँग भएको जोडिएको जिल्ला हो । यहाँभित्र मनासयले बहुआम्दानी हुने गरी कारोबार गर्नेहरुको उपस्थिति छ । त्यसैले हामीले हाम्रा व्यवसायीलाई छिटो आम्दानी हुने कारोबारमा नलोभिइकन व्यवसाय गर्न उत्प्रेरित गर्नुर्पदछ भने सरोकारवालाहरुलाई सहयोग । हाम्रो कार्यक्षेत्र नरहे पनि, लागूऔषध ओसार-पसार र लागूऔषध दुर्व्यसनीको कुरा उठ्ने बित्तिकै औषधि व्यवसायीको संलग्नता छ कि भन्ने आशंका र सभा सेमीनारमा हुने चर्चालाई चिर्ने सक्ने नेतृत्व आजको आवश्यकता हो । सम्बन्धित निकायलाई सहयोग गर्ने र भ्रम चिर्न सक्ने खुबीसहित तालिम, गोष्ठी, सेमीनार, अन्तरक्रिया मार्फत व्यवसायीहरुलाई सचेत गराउने नेतृत्व आजको आवश्यकता हो । पद लिनु जीत हैन पाँच सय व्यवसायीको उत्तरदायित्व बहन गरिएको बुझ्ने नेतृत्व हुनुपर्दछ ।

**४) संकुचित र अहम् होइन प्रजातान्त्रिक र फराकिलो भावनाको नेतृत्व**

औषधि व्यवसायी संघ प्रतिष्ठित र पुरानो संरचना हो । यसले औषधि व्यवस्था विभागमा दर्ता र पानको क्लियरेन्सलाई मानेर व्यवसायीलाई सदस्यताको आधार बनाएको छ । तर, पछिल्लो समय र प्रगतिशिल र नयाँ-नयाँ अनुसन्धानको अध्ययनले हो, नेतृत्वको कमजोरी या असावधानीले हो या निश्चित स्वार्थको उद्देश्यले हो । एउटै व्यवसाय भएता पनि नयाँ-नयाँ नारा र मुद्दाहरु स्थापित गराउन छुट्टाछुट्टै समूह र संघहरु गठन गर्ने र पुरानो संघबाट उपलब्धी नदेख्ने परिपाटीको विकास भएको छ । जसको सम्बोधन नेतृत्वले प्रजातान्त्रक रुपमा गरिनुपर्दछ । जहाँ औषधि, त्यहाँ फर्मासिस्ट, परिचयपत्र र एप्रोनको नारा, आयुर्वेद विधाको प्रवर्द्धन, आयत र सुपरका मुद्दाहरु सम्बोधन गर्ने पहलसहित नेतृत्वले व्यवसायी व्यापारीको संगठन हैन सबै साना-ठूला र फरक-फरक विधाका धेरै थोरै अध्ययन गरेका सबैको छाता रुपी संघ हो भन्ने भावना अधिकार गरिनुपर्दछ ।

**५) नेतृत्व परम्परागत होइन अपडेट चाहिन्छ :**

औषधि व्यवसाय नेपालमा मात्र सञ्चालित छैन । यसको विश्व बजार र संरचना छ । दैनिक नयाँ रिसर्चहरु हुने गर्दछन् । प्रयोग गर्न हुने नहुने अधिक प्रयोगले के हुने तथा कुन मोलिक्यूल्मको आगमन हुँदैछ र कुन रेसिस्ट जस्ता कुराहरु दैनिक अपडेट हुँदैछन् । तर, हामी सम्पूर्ण व्यवसायीहरु बजार प्रतिनिधिले गरिएका आफ्ना प्रोडक्टको प्रचारबाजी बाहेक अन्य प्रक्रियाबाट रिफ्रेस हुन सकेको छैनौं न त सरकारी विभागीय निकायबाटै । त्यसकारण अबको नेतृत्व तीन बर्षमा व्यवसायीकोमा पुग्नेभन्दा पनि आधुनिक सञ्चार, आमसञ्चार र आधुनिक प्रविधि मार्फत प्रत्येक व्यवसायीलाई विश्वको औषधि सम्बन्धी सञ्जाल र सूचनाहरुसँग जोड्न सक्ने हुनुपर्दछ । प्राविधिको पहुँच मिलाउँदै प्रत्येक सूचना र औषधिका गतिविधि व्यवसायीमाझ पुऱ्याउन सक्ने अपडेटेड हुनुपर्दछ ।

**६) आत्म केन्द्रित नेतृत्व बहिष्कार गर्नुपर्दछ**

हामी समग्र व्यवसायीले संघलाई आफ्नो व्यवसाय प्रबर्द्धनको आधार मात्र बनाउने, संस्थापन समितिमा नाम टिपाउन होडबाजी गर्ने, स्वार्थी तत्वहरुको इशारामा संघलाई प्रयोगमा ल्याउने, नजिकका नातागोता र आसेपासेलाई संघको गरिमा नबुझिकन जिम्मेवारी सुम्पने र पारदर्शिताको सिद्धान्त अपनाउन नचाहने र संघलाई आफ्नो मात्र सामाजिक प्रतिष्ठाको आधार मान्ने नेतृत्व यो मतदानबाट बाहिर राख्नु हामी सम्पूर्ण स्वाभिमानी व्यवसायीहरुको कर्तव्य हुन आउँदछ । समग्रमा भन्नुपर्दा हामीलाई थाह छ एउटी आमाले तबसम्म त्यो खाटमा या झोलुङ्गोमा रहेको दूधे नानीलाई दूध चुसाउँदिनन् जबसम्म त्यो बच्चा रोएर सकेत गर्दैन भने हामी त त्यो चेतना नभएको बच्चाभन्दा अचेत बनेर होइन अनुभवका आधारमा सचेत बन्ने समय आएको छ । आफ्ना लागि आफैले अधिकार र सहज बातावरण बन्ने नेतृत्व खोज्ने बेला आएको छ ।

sureshkhatiwada112@gmail.com

# दिव्यपथ महिलाको सभा




सम्मान ग्रहण गर्दै उपसम्पादक निरौला ।

**बिर्तामोड, भदौ २४।** दिव्यपथ महिला सरोकार समाज शिवसताक्षी-१०को अध्यक्षमा बृन्दा बराल चयन भएकी छिन् ।

संस्थाको दोस्रो बार्षिक साधारणसभा तथा प्रथम अधिवेशनले बरालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । नवगठित समितिको उपाध्यक्ष उर्मिला ढकाल, सचिव नैनकला भट्टराई, सहसचिव रोहिता मिश्र भट्टराई, कोषाध्यक्ष विमला प्रसाईं संग्रौला रहेका छन् । त्यस्तै सदस्यहरुमा संगीता सुवेदी, टीका गुरागाँई, दिलमाया फुँयल, कमला ढुंगाना रहेका छन् ।

संस्थाकी अध्यक्ष बृन्दा बरालको अध्यक्षता तथा प्रदेश सांसद हिराकुमार थापाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष रत्नकला पराजुलीले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा पूर्वाञ्चल दैनिकका उपसम्पादक तुलसीप्रसाद निरौला, कनकाई वायोस्यान्ड फिल्टर उद्योग संस्थालाई जग्गा प्रदान गर्ने जग्गादाता र आर्थिक सहयोग गर्ने व्यक्तिलाई सम्मान गरिएको थियो । कार्यक्रममा शिवसताक्षी वडा नं. १०का वडाध्यक्ष कर्णबहादुर थापा, वडा सदस्य मन्दिरा पाठक, स्वर्गाश्रम नेपालका अध्यक्ष प्रेमप्रकाश फलाहारी, सल्लाहकार कुमार गिरी, माईबेनी कृषि सहकारी संस्थाकी अध्यक्ष रोहिता मिश्र भट्टराई लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा संस्थाकी अध्यक्ष निरौलाले बार्षिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन् भने सरस्वती कीर्तन मण्डलीका कलाकारले स्वागत नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रमको सञ्चालन संस्थाकी नैनकला भट्टराईले गरेकी थिइन् ।

## प्रहरी साझेदारीका लागि वडासमिति

**दुहागढी, भदौ २४।** झापा मेचीनगर नगरपालिका वडा नं. १४ दुहागढीमा सामुदायिक प्रहरी साझेदारी वडा समिति गठन गरिएको छ ।

मंगलवार वडा कार्यालयमा सम्पन्न स्थानीय जन प्रतिनिधि, राजनीति दल एवम् संघ-संस्थाका प्रतिनिधिहरुको भेलाले मेचीनगर-१४का वडाध्यक्ष शंकरप्रसाद पोखरेलको अध्यक्षतामा १५ सदस्यीय समिति गठन गरेको छ । नवगठित समितिको उपाध्यक्ष कृष्णकुमारी सुवेदी, सचिव भक्तबहादुर विष्ट, सहसचिव प्रितम पनेरु र कोषाध्यक्षमा निर्मला खतिवडा चयन भएका छन् ।

समितिका सदस्यहरुमा गोपीराज मैनाली, प्रेमबहादुर न्यौपाने, दुर्गा धमला, छत्र इजम, मेनुका घिमिरे, सन्त भुजेल, पर्शुराम राजवंशी, कूलबहादुर श्रेष्ठ, प्रेम साँवा र धनमाया अधिकारी रहेका छन् । कार्यक्रममा प्रहरी चौकी चारआलीका प्रमुख भक्तबहादुर विष्टले सामुदायिक प्रहरीको काम कर्तव्यका वारेमा जानकारी गराएका थिए ।

## लागूऔषधसहित तीन जना पक्राउ

**सुनसरी, भदौ २४।** सुनसरीको धरान उपमहानगरपालिका-८ बाट लागूऔषधसहित तीन जना पक्राउ परेका छन् ।

इलाका प्रहरी कार्यालय धरानबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले को ४प१७३५ र को१०प ४७४७ नम्बरको मोटरसाईकलमा सवार धरान-१४का ४० बर्षीय कुमार बस्नेत, धरान-७का ३२ बर्षीय वसिम खान र ३४ बर्षीय राजेश भनिने नवीन भण्डारीलाई डाईलक्स डीसी १० बोतल, स्पास्मोप्रोक्सिवन प्लस ९० क्याप्सुल, नाइट्रोसन २५ ट्याब्लेट, मोवाइल २ थान र नगद २८ हजार सात सय ४०सहित पक्राउ गरेको हो । पक्राउ परेका तीन जनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
बिर्तामोड, झापा
सम्पर्क राजकुमार श्रेष्ठ
९८४२६३४६३७/९८०६०७०४७०/ ०२३-५४४३५४ अफिस सम्पर्क: ०२३-५४६००५
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्याँकीबाट सफाई गरिन्छ ।
मोबाइल : ९१५२६४६००५

# वीपी जयन्तीमा १०६ विरुवा रोपिए

**विर्तामोड, भदौ २४।** जननायक वीपी कोइरालाको १०६औं जन्मजयन्तीको अवसर पारेर नेपाली कांग्रेसले मंगलवारदेखि देशव्यापी रुपमा दोस्रो चरणको 'हिपतम' जागरण अभियान प्रारम्भ गरेको छ ।

प्रथम जननिर्वाचित प्रधानमन्त्री तथा कांग्रेसका संस्थापक नेता वीपी कोइरालाको १०६औं जन्मजयन्तीको स्मरणस्वरुप देशभरका ३३०वटै प्रदेश निर्वाचन क्षेत्रमा १०६ वटाका दरले विरुवा रोप्दै हिपतम अभियानको प्रारम्भ गरिएको हो ।

कांग्रेसको देशव्यापी कार्यक्रम अन्तर्गत झापाका पनि १० वटै प्रदेश निर्वाचन क्षेत्रमा वृक्षरोपणसहितका विविध कार्यक्रम सम्पन्न भएका छन् । प्रदेश निर्वाचन क्षेत्रस्तरीय समितिको आयोजनामा सम्पन्न कार्यक्रममा विद्यालय, सार्वजनिक स्थल, कांग्रेसका पार्टी कार्यालय तथा सामुदायिक भवन परिसरमा बृक्षरोपण गरिएको छ ।

आसन र भाषणभन्दा बढी रचनात्मक तरिकाले गरिएका अधिकांश कार्यक्रममा वृक्षरोपणस्थलमै वीपीको तस्बिरमा माल्यार्पण, श्रद्धाञ्जलि अर्पणसहित वीपीको ब्यक्तित्वबारे चर्चा गरिएको हो । पर्यावरणीय सन्तुलनमा पार्टीका तर्फबाट योगदान पुऱ्याउने उद्देश्य अनुरुप मंगलबार देशभर बृक्षरोपण गरिएको हो ।

झापा क्षेत्र नं. १को प्रदेश (क) क्षेत्र अन्तर्गत कांग्रेसको १ नं. क्षेत्रीय कार्यालय परिसर, समाज सेवा सुधार संघ, जिल्ला अपाङ्ग संघ कार्यालय परिसरमा १०६ वटा विभिन्न प्रजातिका विरुवा रोपिएका छन् ।

जागरण अभियानका लागि केन्द्रीय प्रतिनिधि तथा सांसद रमेशजंग रायमाझीको प्रमुख आतिथ्य र १ (ख) का केन्द्रीय प्रतिनिधि तथा सांसद विन्दिया कार्कीको विशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा पूर्व सांसद उषा गुरुङ, १ नं. क्षेत्रीय सभापति मणिकुमार उप्रेती, रचना घिमिरे लगायतले वीपीको राजनीतिक योगदानका बारे चर्चा गरेका थिए ।

नेपाली कांग्रेस झापा निर्वाचन क्षेत्र नं. १ प्रदेश क क्षेत्रीय समितिका सभापति हर्क फियाकको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन बद्री खड्काले गरेका थिए ।

यसैगरी झापा निर्वाचन क्षेत्र नं. १ (ख) को हातेमालो सामुदायिक बन परिसरमा बृक्षरोपणसँगै जागरण अभियानको प्रारम्भ गरिएको छ । सांसद विन्दिया कार्कीको प्रमुख आतिथ्य र रमेशजंग रायमाझीको विशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेसका प्रवक्ता लोकराज ढकाल, १ नं. क्षेत्रीय सभापति मणि उप्रेती, नेपाल महिला संघ केन्द्रीय सदस्य गोमा भट्टराई, इन्द्र बुढाथोकी, दुर्गा खतिवडा लगायतको सहभागिता रहेको थियो । सीता घिमिरेको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत शरद शिवाकोटी र सञ्चालन विष्णु रिमालले गरेका थिए ।

त्यसैगरी झापा क्षेत्र नं. २को प्रदेश निर्वाचन क्षेत्र क समितिले विर्तामोड नगरपालिका वडा नं. १०मा रहेको धार्मिक पर्यटकीय क्षेत्र विराटपोखरमा १०६ वटा विरुवा रोपेको छ ।

प्रदेश २ क का लागि केन्द्रीय प्रतिनिधि बसन्त भट्टराईको प्रमुख आतिथ्य र ख का लागि केन्द्रीय प्रतिनिधि सुनिल शर्माको विशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस झापाका सभापति उद्धव थापा, पूर्व सभापति सुधिरकुमार शिवाकोटी, पूर्व सांसद डिल्ली सिटौला, प्रवक्ता लोकराज ढकाललगायतले वीपीको राजनीतिक योगदानबारे चर्चा गरे । धर्म लक्सम्बाको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत जलकुमार गुरुङ र सञ्चालन भोजराज सिटौलाले गरेका थिए ।

त्यसैगरी झापा क्षेत्र नं. २ ख अन्तर्गत नेपाली कांग्रेस अर्जुनधारा नगर समितिको कार्यालय परिसर र अर्जुनधारा खेलमैदानमा गरी विभिन्न प्रजातिका १०६ विरुवा रोपिएको छ । सुनिल शर्माको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा विशेष अतिथि बसन्त भट्टराईले जागरण अभियानको औचित्यमाथि प्रकाश पारेका थिए ।

किरण श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा हेमराज खरेलले स्वागत गरेका थिए भने सञ्चालन डिल्लीराम सापकोटाले गरेका थिए ।

यसैगरी झापा क्षेत्र नं ३ को प्रदेश निर्वाचन क्षेत्र ख अन्तर्गत पञ्चमणि माविको हाताभित्र १०६ वटा विभिन्न प्रजातिका विरुवा रोपिएको छ । जागरण अभियानका लागि कांग्रेस केन्द्रीय सदस्य तथा प्रतिनिधि हसन अन्सारीको प्रमुख आतिथ्य र जिल्ला सचिव ताराविर कटुवालको विशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा नेपाल महिला संघ झापा सभापति सुशीला ढकाललगायतले बोलेका थिए ।

नवीन विमलीको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत लेखनाथ सुवेदी र सञ्चालन खगेन्द्र अधिकारीले गरेका थिए ।

यसैगरी झापा क्षेत्र नं. ३ प्रदेश क अन्तर्गत कचनकवल-६ बनियानीमा निर्माणाधीन अस्पताल परिसरमा वृक्षरोपण गरिएको छ । प्रदेश नं. १मा नेपाली कांग्रेस संसदीय दलका मुख्य सचेतक केदार कार्कीको प्रमुख आतिथ्य तथा जिल्ला सदस्य कालेन्द्र राजवंशी, क्षेत्रीय सभापति गणेश पोखरेललगायतले बोलेका थिए । चिन्तामणि खरेलको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको हो ।

यसैगरी झापा क्षेत्र नं. ४ अन्तर्गत प्रदेश क मा जनआदर्श मावि शिवगञ्जमा बृक्षरोपण गरिएको छ । केन्द्रीय प्रतिनिधि दीपेन्द्र सेन्दाङको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस झापाका सचिव प्रेम सम्बाहाम्फे, भक्ति सिटौला, पर्शुराम ढुङ्गाना लगायतले बोलेका थिए ।

कमल भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा टंक मैनालीले स्वागत र सञ्चालन मोहन बस्नेतले गरेका थिए ।

यता झापा क्षेत्र नं. ४ कै प्रदेश ख अन्तर्गत कनकाई नगरपालिका वडा नं. ५ मा रहेको वीपी बन बाटिकामा १०६ वटा विरुवा रोपिएको छ । सांसद लोकप्रसाद संग्रौलाको प्रमुख आतिथ्य र नेपाली कांग्रेस ४ नं क्षेत्र अन्तर्गत प्रदेश ख का सभापति भीम राजवंशीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला सचिव प्रेम सम्बाहाम्फे, क्षेत्रीय सभापति जयनारायण शाह, गोपाल उप्रेती, सुन्दरा ल्वागुन लगायतले बोलेका थिए ।

यसैगरी झापा क्षेत्र नं ५, प्रदेश क निर्वाचन क्षेत्रीय समितिले गौरादह स्वास्थ्य चौकी र दुर्गा अतिथि सदन परिसरमा १०६ वटा विरुवा रोपेको छ ।

जागरण अभियानका केन्द्रीय प्रतिनिधि शेखरचन्द्र थापाको प्रमुख आतिथ्य र रोहितकुमार शाहको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस झापाका उपसभापति राम कट्टेल, ५ नं. क्षेत्रीय सभापति ढुण्डी भण्डारी लगायतले धारणा राखेका थिए ।

यसैबीच झापा क्षेत्र नं. ५कै प्रदेश निर्वाचन क्षेत्र ख अन्तर्गत नेपाली कांग्रेसको क्षेत्रीय पार्टी कार्यालय र दमक नगरपालिकाका १० वटै वडामा विरुवा रोपिएको छ ।

जागरण अभियानका लागि कांग्रेस केन्द्रीय प्रतिनिधि बिनोद राईको प्रमुख आतिथ्य र नेका झापाका उपसभापति राम कट्टेलको विशेष आतिथ्यमा भएको कार्यक्रममा सांसद महेन्द्राकुमारी सुब्बा, क्षेत्रीय सभापति ढुण्डि भण्डारीलगायतले बोलेका थिए । पदम सुब्बाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो ।

श्री अर्जुनधारा माध्यमिक विद्यालय
अर्जुन्धारा-४, भाङ्गबारी, झापा

शिक्षक आवश्यकता

यस विद्यालयको रिक्त रहेको मावि अनुदान दरबन्दी कोटामा शिक्षक पदपूर्ति गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**

१. विज्ञापन नं. : ०१/०७६/०७७
२. पद : शिक्षक ३. तह : मावि (अनुदान)
४. संख्या : १ (एक)
**५. आवश्यक कागजातहरु :**
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि-१
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-१
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि

**६. शैक्षिक योग्यता:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय अंग्रेजी लिई न्यूनतम् स्नातक उत्तीर्ण हुनुपर्ने माथिल्लो शैक्षिक योग्यता प्राप्त तथा अनुभवीलाई प्राथमिकता दिइनेछ ।
७) उमेर: १८ बर्ष पूरा भई ४० ननाघेको हुनुपर्नेछ ।
८) दरखास्त पेश गर्ने मिति: (करार सूचीमा नाम भएकाहरुको हकमा)
- मिति २०७६।०५।२३ गतेदेखि २०७६।०५।२९ गतेसम्म (विद्यालय समयभित्र)
९) खुल्ला दरखास्त पेश गर्ने मिति: (करार सूचीमा नाम भएकाको दरखास्त नआएमा)
१०) आवेदन दस्तुर : रु. १,०००।- (एक हजार मात्र)
११) सम्पर्क मिति: मिति २०७६।०६।०७ गते विहान ११:००- ४:०० बजेसम्म
१२) परीक्षा मिति: सम्पर्क मितिकै दिन तोकिनेछ ।
१३) परीक्षाको सञ्चालन केन्द्र: सोही दिन तोकिनेछ ।
१४) परीक्षा किसिम: लिखित, मौखिक र आवश्यक भएमा प्रयोगात्मक ।
१५) सेवा सुविधा: नेपाल सरकारलले तोके बमोजिम हुनेछ ।
मासिक रु. ३०,५००।- का दरले पाउने
तथा चाडवाड (दशैं खर्च) नपाउने, अनुदान रकम प्राप्त भएमा करार अवधि थप हुन सक्ने ।
१६) पाठ्यक्रम: शिक्षा सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।
१७) सम्पर्क आउँदा सक्कल प्रमाणपत्रहरु ल्याउनुपर्नेछ ।
**नोट: हस्त लिखित निवेदन हुनुपर्नेछ ।**
**- रितपूर्वक नआएका आवेदनहरु स्वत: रद्द गरिनेछ ।**

अन्य जानकारीका लागि
९८०७९२०४००/ ९८४२७३३२६५

शिक्षक छनौट समिति
अर्जुनधारा मा.वि. (अर्जुन्धारा-४)

फाइनल अन्तरवार्ता भदौ २५ गते अञ्जली टेक्निकल ट्रेनिङ सेन्टर बिर्तामोडमा

UAE मा रोजगारको अवसर
Company : TRANSGUARD GROUP L.L.C., DUBAI
पूर्व स्वीकृत मिति: २०७५/०८/१६
पुन स्वीकृत मिति: २०७६/०५/१०
चलानी नं.: ६०१३५३८९
LT. No.: 215319
पुन चलानी नं.: ३८०

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Porters | 26 | 0 | सम्बन्धित कामको दक्ष | 900 | २७,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Cleaner | 100 | 0 | | 800 | २४,६१० | | | | | | | |
| 3. | Driver | 5 | 0 | | 1500 | ४६,१४० | | | | | | | |
| 4. | House Keeper-cleaner | 50 | 0 | | 900 | २७,६८५ | | | | | | | |
| 5. | Warehouse Assistant | 39 | 0 | | 900 | २७,६८५ | | | | | | | |
| 6. | Kitchen Steward/cleaner | 50 | 0 | | 1000 | ३०,७६० | | | | | | | |
| 7. | Public Area Cleaner | 100 | 0 | | 800 | २४,६१० | | | | | | | |
| 8. | Security Guard | 30 | 0 | | 1200 | ३६,९१० | | | | | | | |

Security Guard को हकमा ★ उमेर २२ वर्षदेखि ४० वर्ष ननाघेको हुनुपर्नेछ । ★ उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ । ★ कम्तीमा SLC पास साथै अंग्रेजी भाषा राम्रोसँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ । ★ कामको अनुभवको प्रमाण-पत्र, सक्कल राहदानी, बायोडाटा साथै हालसालै खिचिएको MRP Size को १२ प्रति फोटो अनिवार्य लिएर आउनु पर्नेछ ।

प्रि-अन्तर्वार्ता धमाधम भैरहेको छ । फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट अञ्जली टेक्निकल इन्स्टिच्युट विर्तामोड झापामा भदौ २५ र २६ गते (11 & 12 Sept. 2019) मा हुनेछ ।

ब्लू ओसियन ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ८६४/०६६/०६७
पि.ओ.बक्स: १५१४२, केपिसी १७५, गोगबु-५, सामाखुसी, काठमाडौं, नेपाल
फोन: ४३५१७३२, फ्याक्स: ४३६४५७३,
मोबाइल : ९८४२७५५२७० / ९८०२०५७४९७ / ९८१६९८९८५६




२०७६, भाद्र २५ - २८ गते सम्म
कृतिका मोटरसाइकल सर्भिस प्वाईन्ट
बुधबारे (यामाहा ए एस पि)
०२३-५५५७७८, ९८०४९०६२८९, ९८०२७०२४००, ९८१४९५०२९९

UAE को अवुधावीमा PSBD Security गार्डमा महिला तथा पुरुषको आवश्यकता

कम्पनी : SECURI GUARD MIDDLE EAST, UAE शहर : ABU DHABI
पूर्व स्वीकृति मिति : २०७६/०३/१३ चलानी नं. ६०१४१२८० L.T. NO. 221678

| कामदारको पद | माग संख्या पुरुष | मासिक तलब AED | मासिक तलब नेरु. | ओ.टी./बार्षिक बिदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 200 | 2000 | ६०, ००० | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

पूर्व स्वीकृति मिति : २०७४/०६/२२ चलानी नं. ६०११८३६८ L.T. NO. 196877
पुन : पूर्व स्वीकृति मिति : २०७६/०३/०९ चलानी नं. ३०६०

| कामदारको पद | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब नेरु. | ओ.टी./बार्षिक बिदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 175 | 2000 | ६०, ००० | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

नोट : उचाई : महिलाको हकमा ५ फिट भन्दा माथि र पुरुषको हकमा ५ फिट ७ इन्च भन्दा माथि हुनुपर्नेछ ।
कम्तीमा एसएलसी पास गरेको र राम्रोसँग अंग्रेजी लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
अर्न्तवार्तामा आउँदा सक्कल राहदानी, योग्यता तथा अनुभवका प्रमाणपत्र लिएर आउँनु पर्नेछ ।
बेशिक सेलरी २००० दिराम भएता पनि ओटी र एलाउस गरी २७७० हुनेछ
APPROBLE READY भएकाले २० दिन भित्रमा भिषा प्राप्त हुनेछ ।
फाइनल अर्न्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट भदौ ३० गते (16 Sept. 2019) मा होलिडे होम बिर्तामोड, झापामा हुनेछ ।

सन लाइट ह्युमन रिर्सोस प्रा.लि.
Lic No. 689/063/064
सामाखुसी-२९, सामाखुसी टाउन, प्लानिङचोक, काठमाडौं फोन ०१-४३८४८८
मोवाइल नं. 9801408283, 9801033974, 9802070510, 9801033977, 9801033975, 9801023813



# बिद्यार्थीको रोजाइमा आदर्श मावि

आर्दश बिद्या मन्दिर मावि घैलाडुब्बा २०१४ सालमा स्थापित विद्यालय हो। शिक्षासेवी देवीप्रसाद उप्रेतीको अगुवाईमा र स्थानीयबासीको सहयोगमा २०१४ साल चैत १ गते विद्यालय स्थापना भएको हो। जमिन्दार देवीप्रसाद उप्रेतीसहित टेकनारायण राजवंशी, कृष्णबहादुर खत्री, विष्णुप्रसाद पोखरेल, भूमिप्रसाद घिमिरे लगायतले विद्यालय निर्माणमा जग्गादान गरी विद्यालय स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। राजवंशी समुदायको बाहुल्यता रहेको घैलाडुब्बा आफैंमा त्यो समयमा विकसित थिएन। स्थानीय दाताकै सहयोगमा यो क्षेत्रमा विद्यालय स्थापनाको अवधारणा अघि सारेर स्थानीयबासीले विद्यालय सञ्चालन गरेको भूमिका अहिले पनि सराहनीय छ।

विद्यालय स्थापनापछि पनि विद्यालय सञ्चालनमा सहयोग पुऱ्याउन यहाँका स्थानीयबासीले विघट्टी प्रथा शुरुवात गरी निःशुल्क माध्यमिक तहसम्म सञ्चालन गर्ने अवधारणा अघि सारिएको थियो। पछि सो अवधारणा अनुसार विद्यालय सञ्चालन गर्दा देशभर नै घैलाडुब्बा स्कूल चर्चामा रह्यो। त्यसो त घैलाडुब्बा स्कूलका नामले समेत यो विद्यालय चर्चामा छ। यो विद्यालय जिल्लाकै पुरानो विद्यालय मध्येको एक हो। यही विद्यालयमा बहालवाला प्रधानमन्त्री केपी शर्मा ओलीले समेत अध्ययन गरेका छन्। उनले यही विद्यालयबाट २०२७ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका थिए। यो विद्यालय अध्ययन गर्ने उनी एक प्रतिनिधि पात्र मात्रै हुन्। उनी जस्ता धेरैले यो विद्यालयमा अध्ययन गरेर देशको शिर उच्च पारेका छन्।

थुप्रै चुनौतिहरु पार गरेर अहिलेको अवस्थामा आइपुगेको यो विद्यालयले शिक्षाको ज्योति छर्न सफल भए पनि अझै यो विद्यालयले जुन उचाई लिनुपर्ने हो त्यो उचाई लिन सकिरहेको छैन। किनकि यो विद्यालयलाई अहिले पनि धेरै कुराहरुको अभाव छ। अभावका बीचमा रहेर पनि यो विद्यालयले अहिले सात सय २२ विद्यार्थीहरुलाई अध्ययन गराइरहेको छ।

विद्यालय आफैमा सम्पन्न झैं देखिन्छ। विद्यालयको अचल सम्पत्ति मात्रै ९९ विगाह आठ कठ्ठा छ धुर छ। तर, धेरैजसो जमिन सदुपयोगमा आउन सकेको छैन। विद्यालय नियमित सञ्चालनमा सहयोग पुऱ्याउने उद्देश्यले यो विद्यालयलाई १० जना दाताले जमिन उपलब्ध गराएका थिए। सोही जमिन मध्ये तीन विगाह साढे १९ कठ्ठा क्षेत्रफलभित्र विद्यालय निर्माण गरिएको छ। जुन जमिन स्वर्गीय देवीप्रसाद उप्रेतीले निःशुल्क प्रदान गरेका थिए। २००७ सालको परिर्वतनपछि शिक्षा क्षेत्रको विकास भएको मान्न सकिन्छ। २०१२ सालमा नै यस क्षेत्रका स्थानीयबासीले यो ठाउँमा विद्यालय स्थापना गर्न खोजे पनि अथक प्रयासपछि मात्रै यो ठाउँमा विद्यालय स्थापना भएको जानकारहरु बताउँछन्।

प्राविधिक शिक्षा समेत यो विद्यालयले सञ्चालन गरेको छ। सिभिल इञ्जिनियरिङको कक्षा सञ्चालन गर्नुले पनि यो विद्यालयको उचाई अझ माथि पुऱ्याएको छ। ग्रामीण क्षेत्रका विद्यालयमा पनि सिभिल इञ्जिनियरिङ अध्ययन अध्यापन हुन थालेपछि स्थानीयबासी समेत अहिले हर्षित छन्। कक्षा ६ सम्म पूर्ण अंग्रेजी माध्यमबाट पठनपाठन हुनु र ७ देखि ९ सम्म दुबै माध्ययबाट अध्ययन अध्यापन हुनुले पनि यो विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको चाप उच्च छ। पछिल्ला वर्ष अंग्रेजी शिक्षा प्रतिको मोहका कारण निजी विद्यालयतर्फ विद्यार्थी आकर्षित भइरहेका बेला कनकाई नगरपालिका-९ मा रहेको आर्दश विद्या मन्दिर सबैको रोजाईमा पर्न सफल छ।

कक्षा १२ सम्म अध्ययन-अध्यापन हुने यो विद्यालय अंग्रेजी शिक्षा लिने विद्यार्थीको चापकै कारण निजी स्रोतबाट शिक्षक राख्नु परेको विद्यालयका प्रधानाध्यपक धर्मानन्द निरौलाले बताए। उनले भने- 'निजी स्रोतबाट तीन जना शिक्षक राख्नु परेको छ। जसको व्यवस्थापन विद्यालय आफैंले गर्दै आएको छ। हाम्रो विद्यालय विद्यार्थीको रोजाइमा परेका कारण दिनानुदिन निजी विद्यालय छाडेर यो विद्यालयमा विद्यार्थी आइरहेका छन्।' प्रधानाध्यापक निरौला भन्छन्- 'प्राविधिक शिक्षाको सुरुवात, अतिरिक्त क्रियाकलाप, प्रविधिमैत्री पढाइका कारण पनि यहाँ विद्यार्थीको चाप उच्च छ।'

यो विद्यालयलाई निजी स्रोतमा शिक्षक राख्नु परेकाले विद्यालयको आम्दानी शिक्षक व्यवस्थापनमा लाग्ने भएकाले विद्यालयको अन्य गतिविधि सञ्चालन गर्न आर्थिक अभाव हुने गरेको बताइन्छ। भारतीय राजदुतावासको सहयोगमा २०६५ सालमा निर्मित भवनमा अहिले विद्यालयले पठन पाठन गराई रहेको छ। विद्यालयले प्राविधिक शिक्षा थप गरेका कराण विद्यालयलाई अझैं पनि भवनको अभाव भएको बताइन्छ।

विद्यालयले ई-हाजिरीको व्यवस्था गरेको छ भने स्मार्ट बोर्डको समेत प्रयोग गर्दै सिकाईलाई अझ गुणस्तरीय बनाउदै लगिएको बताइन्छ। ऊर्जा व्यवस्थापन गर्दै विद्यालयले सबै कक्षाकोठामा फेनको व्यवस्था गरेको छ। विद्यालय कम्पाउण्ड वरिपरि लाइटको व्यवस्था गरिएको छ। सौर्य उर्जाका लागि उर्जा मन्त्रालयले गत आर्थिक वर्षमा २३ सय ३१ वाटको सौर्य प्यानल जडान गरेपछि यहाँका विद्यार्थीले जस्तोसुकै गर्मीमा समेत सहज रुपमा फेन मुनी बसेर अध्ययन गर्न सक्ने भएका हुन्।

विद्यालयमा अहिले १० वटा कम्प्युटरबाट अध्ययन अध्यापन हुँदै आएको छ। तर, यतिले अपुग भएपछि विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापनाको तयारी गरिँदैछ। जसका लागि २५ लाख रुपैयाँ बरावरको कम्प्युटर लगायतका सामग्री प्राप्त हुने प्रधानाध्यापक निरौलाले बताए। उनले भने- 'त्यसका लागि नेपाल दुर संचार प्राधिकरण कमलादी काठमाडौंले विद्यालयलाई सहयोग गर्ने भएको छ।'

नेपाल सरकारबाट प्रत्येक नगरपालिकामा एउटा विद्यालयलाई प्राविधिक शिक्षा दिने योजना अनुरुप कनकाई-९ को यो विद्यालयले सिभिल इञ्जिनियरिङको अध्ययन-अध्यापन शुरु गरेको हो प्रधानाध्यपक निरौला भन्छन्- 'यो विषय अध्ययन हुन थालेपछि महँगो शुल्क तिरेर विद्यार्थीले अब बाहिर गएर अध्ययन गर्ने समस्या हट्यो यो क्षेत्रमा। यहाँ सिभिल इञ्जिनियरिङ अध्ययनका लागि कनकाई नगरपालिकाको सुरुङ्गा, बाह्रदशी गाउँपालिका, बिर्तामोड नगरपालिकाका विभिन्न ठाउँबाट विद्यार्थी आउने गरेका छन्।

## 'खण्डहर जस्तो विद्यालयलाई मन्दिर बनायौं'



**धर्मानन्द निरौला : प्रधानाध्यापक**
**आर्दश विद्या मन्दिर, घैलाडुब्बा**

**तपाई यो विद्यालयको विद्यार्थी अहिले यही विद्यालयको प्रधानाध्यापक हुनुभएको छ ? कस्तो अनुभव भइरहेको छ ?**

- यो विद्यालयमा मैले २०३० सालबाट अध्ययन शुरु गरेको हो। त्यो समयमा अहिले जस्तो थिएन। यो विद्यालयमा पढेको म आफैं यो विद्यालयको प्रधानाध्यापक बनुला जस्तो लागेकै थिएन। म यो विद्यालयको पढे पनि भविष्यमा निजामति क्षेत्रमा सेवा गर्ने सोच बनाएको थिएँ। तर, शिक्षाका सधैं राम्रो गर्ने विद्यार्थी। सधैं कक्षा प्रथम हुन्थे। २०४१ सालमा एसएलसी दिएपछि मेची क्याम्पसमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरे। त्यसपछि विद्यालयमा शिक्षक आवश्यक रहेछ। मैले आवेदन दिएको थिएँ। छनौटमा परियो र अहिले निरन्तर यही विद्यालयमा कार्यरत् रहँदारहँदै प्रधानाध्यापकको भूमिका आइलाग्यो। १० वर्ष यही विद्यालयमा अध्ययन गरे, त्यसपछि ३० वर्ष यही विद्यालयमा रहेर सेवा गर्ने अवसर मिल्यो। म भाग्यमानी ठान्छु यसलाई। किनकि धेरैलाई मैले शिक्षाको ज्योति यही विद्यालयबाट छरेको छु। अहिले खुशी लाग्छ। विगतलाई फर्केर हेर्दा। किनकि म यही विद्यालयको बिद्यार्थी हुँ अहिले प्रधानाध्यापक छु।

**प्रधानाध्यापक भएपछि पहिलो काम के गर्नु भयो ?**

- म २०७४ साल साउनदेखि यो विद्यालयको प्रधानाध्यापकको जिम्मेवारीमा छु। यो भन्दाअघि मैले २०४६ सालदेखि यही विद्यालयमा शिक्षाकको भूमिका निर्वाह गर्दै विद्यार्थी र समाजप्रति घैलाडुब्बाको सरका नामले चिनिए। पछि प्रधानाध्यपक भएपछि सबै प्रथम विद्यालयको शैक्षिक गुणस्तरलाई अझ सुधार गर्नुपर्छ भन्ने ममा सोच आयो। सोही बमोजिम मैले यो विद्यालयमा अंग्रेजीमाध्यमका कक्षाहरुलाई व्यवस्थित गर्ने निधो गर्दै काम अघि बढाए। जसका लागि अंग्रेजी माध्यमबाट अध्यापन गराउनका लागि निजी स्रोतबाट अंग्रेजी शिक्षकको व्यवस्था, अंग्रेजी कक्षाका विद्यार्थीलाई छुट्टै भवनमा राखेर पूर्ण अंग्रेजी बातावरण दिन थाले।

विद्यालयको नाममा रहेको घैलाडुब्बा बजार व्यवस्थापन गर्न नगरपालिकासँग समन्वय गरी २५ वर्षका लागि बजार ठेक्का दिने काम भयो। जसबाट विद्यालयले करिब डेढ लाख रुपैयाँ वार्षिक आम्दानी गर्ने ठाउँमा अब वार्षिक चार लाख रुपैयाँ र प्रत्येक पाँच वर्षमा २५ प्रतिशत रकम वृद्धि हुने गरी विद्यालयको आयस्रोत बढाउने काम गरेको छु। यसो गर्दा विद्यालयलाई पनि फाइदा पुग्ने र बजारमा पनि नगरपालिकाले लगानी बढाई टहरा तथा भवन निर्माण गरी बजारको समेत विकास भई समाजलाई प्रत्यक्ष फाइदा पुग्ने कामको थालनी गरेको छु।

नगरपालिकासँग समन्वय गरी खेल मैदानलाई व्यवस्थित गर्दै लगेको छु। छात्रा विद्यार्थीलाई मध्यनजर गर्दै उनीहरुलाई सहजताका लागि पोशाकमा अनिवार्य कक्षा ६ देखि माथि कुर्ता-सुरुवालको अवधारणा अघि सारेर लागू गरे। अब यो विद्यालय अध्ययन गर्ने छात्रा विद्यार्थीले कुर्ता-सुरुवाल मात्रै लगाउने छन्। त्यस्तै विषयगत समिति निर्माण गरी विद्यालयको पठनपाठन तथा अतिरिक्त क्रियाकलावलाई व्यवस्थित गर्दै लगेको छु। जसका कारण विद्यालयको शैक्षिक गुणस्तर सुधारिएको छ।

विद्यालय भवनलाई रंगरोगन गरी खण्डहर जस्तो देखिने विद्यालयलाई मन्दिर जस्तो बनाइएको छ। जहाँ सधै सरस्वतीको बास रहन्छ। कक्षा ११ /१२ मा अध्ययन गर्ने विद्यार्थीका लागि छुट्टै पुस्तकालय कार्डको व्यवस्था गर्दै पुस्तकालयलाई व्यवस्थापन गरिएको छ। यी केही उदाहरण मात्रै हुन्। विद्यालयमा शैक्षिक क्यालेन्डर निर्माण गरी वर्षभरि नै गरिने कामको योजना बनाई सोही अनुसार विद्यालयमा पठनपाठन तथा अतिरिक्त क्रियाकलाप हुने गरेको छ।

**प्राविधिक शिक्षा पनि शुरु गर्नुभएको रहेछ किन आवश्यक ठान्नुभयो र कसरी ल्याउनुभयो यो योजना ?**

- व्यवसायिक शिक्षाप्रति विद्यार्थी र अभिभावकको झुकाव छ। त्यसलाई पहिलो प्राथमिकतामा राखेर मैले पहल गर्दै यो विद्यालयमा प्राविधिक शिक्षा भित्र्याएको हुँ। अहिले धेरैले सहजरुपमा आफ्ना छोराछोरीलाई घरैबाट सहजरुपमा यो शिक्षा पढाउन सक्नुभएको छ। साधारण शिक्षाले मात्रै अवको युगमा प्रतिष्पर्धा गर्न नसक्ने भएपछि प्राविधिक धारमा जोड गरेको हुँ। विशेष गरी स्थानीय आदिवासी तथा जनजातिका छोरा छोरीहरुले प्राविधिक शिक्षा हासिल गरी रोजगार पाउन सहज होस् भन्ने हाम्रो चाहना छ।

अब गाउँ-गाउँका विद्यार्थी इञ्जिनीयर बन्छन्। हामीले छोराछोरीलाई इञ्जिनीयर पढाउन अब बाहिर पठाउनु पर्दैन। घरको खान खाएर गाउँ-गाउँमा छोराछोरी इञ्जिनीयर पढाउन पाउनु हामी सबैका लागि खुशीको कुरा हो। यो ढोका हामीले खुल्ला गरिसक्यौं। यो विद्यालयमा प्राविधिक शिक्षा ल्याउन मेरो मात्र हात छैन। यो ठाउँमा गन्यमान्य शिक्षाप्रेमी महानुभावको ठूलो देन छ। धेरै पटक प्रधानमन्त्रीको कार्यालय चाहारेका छौं। पटक-पटक आश्वासन पाए पनि काम गर्न सहज चाहिँ भएन। मुस्किलले प्रधानमन्त्रीलाई बिन्ती विसाएर उहाँले अध्ययन गरेको विद्यालयको स्मरण गराउँदै यो विद्यालयमा प्राविधिक शिक्षा भित्र्याइएको हो।

**अरु काम के-के गर्नुभयो नि ?**

- विभिन्न निकायहरुसँग समन्वय गरी विद्यालयको भौतिक अवस्था सुधार गर्ने काम गरेको छु। जस अनुसार पूर्व विद्यार्थीहरुसँग समन्वय गरी शुद्ध खानेपानीको व्यवस्था, प्रत्येक कक्षाकोठमा सीसी क्यामेरा तथा साउण्डको व्यवस्था गरी कक्षा कोठालाई डिजिटल बनाई अफिसबाटै व्यवस्थापन गर्न सकिने अवस्थाको सृजना गरेको छु। त्यस्तै विद्यालयमा स्मार्टबोर्डको व्यवस्थापन, विद्यालयको चारैतिर रात्रि सुरक्षार्थ लाइटको व्यवस्थापन गरेको छु।

आन्तरिक पर्खालको व्यवस्थापन गरी विद्यालयको हाताभित्र सुन्दर बगैंचा निर्माण गर्दै लगेको छु। विद्यालयमै छात्रा प्याडको व्यवस्था गरेको छु। निःशुल्क छात्रा प्याडको व्यवस्थापनले छात्रालाई सहज भएको छ। जसका कारण उनीहरुको पढाईमा कुनै समस्या छैन। सहजरुपमा दिनभरि स्कूलमा पढेर घर फर्कन सक्छन्। विज्ञान प्रयोगशालाको व्यवस्थापन गरिएको छ। विज्ञान सामग्री तथा फर्निचरको व्यवस्थापन गर्दै विज्ञानको हव झैं यो विद्यालयलाई बनाउने सोचले अघि बढेका छौं। प्राविधिक शिक्षाका लागि प्राविधिक ल्यावको काम गर्न शुरु गरेका छौं। जसबाट विद्यार्थीलाई सहज हुने हाम्रो लक्ष्य छ।

**भावि योजना चाहिँ के छ नि उसो भए ?**

- विद्यालयको शैक्षिक गुणस्तर सुधार नै पहिलो योजना हो। जसलाई विभिन्न कुराहरुले बाटोमा ल्याउँछ। विद्यालयको पढाई नै राम्रो छैन भने म यो गर्छु त्यो गर्छु भन्नु बेकार छ। किनकि पढाई राम्रो भयो भने विद्यार्थी र अभिभावकको मन जित्न सकिन्छ। उनीहरुको मन जितेपछि विभिन्न योजनाहरु आफसेआफ आउँछन्। उनीहरुलाई कसरी गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ भन्ने मै म अहिले केन्द्रीत छु। मलाई लागेको छ सबै शिक्षक मित्रहरुको साथ र सहयोगले यो काम सहज रुपमा सम्पन्न गर्नु सक्छु। किनकि सबै शिक्षकले आफ्नो कर्तव्य सहजरुपमा पूरा गरेको खण्डमा यो ठूलो कुरा नै भएन। तथापि अरु धेरै योजना छन् यो विद्यालयलाई अघि बढाउँदै प्रदेशकै उत्कृष्ठ विद्यालय बनाउने।

त्यसमध्ये सबै विद्यार्थीलाई कम्प्युटराइज शिक्षा, पूर्ण रुपमा अंग्रेजी माध्यमबाट अध्ययन अध्यापन, प्रविधिमैत्री शिक्षा प्रदान गर्दै विधि र प्रविधियुक्त शिक्षा प्रदान गर्ने सोच छ। प्राविधिक शिक्षालाई अझ व्यवस्थित गर्दै लान प्राविधियुक्त प्राविधिक भवन तथा फर्निचर निर्माण गर्ने सोच छ। जग्गा व्यवस्थित गरी विद्यालयको आम्दानी दिर्घकालीन रुपमा वृद्धि गर्दै त्यसवाट विद्यार्थीहरुलाई फाइदा पुग्ने शैक्षिक कार्यक्रम ल्याउने प्रयासमा छु। विद्यार्थीलाई पढाई प्रति अझ अभिरुची जगाउन उनीहरुको रुची परीक्षण गरी सोही अनुसार अतिरिक्त क्रियाकलाप गरी उत्प्रेरित गर्नेखालका कार्यक्रम शुरु गर्छु।

**अन्त्यमा,**

यो विद्यालयलाई अहिलेको यो अवस्थासम्म जे-जसरी ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो उहाँहरुलाई धेरै-धेरै धन्यवाद दिन चाहन्छु। किनकि यो ठाउँमा त्यसबेला विद्यालय स्थापना गरेर यहाँका विद्यार्थीलाई शिक्षा प्रदान गर्न अहम् भूमिका निर्वाह गर्ने सबै दाता, शिक्षाप्रेमी महानुभावलाई सम्झँदै उहाँहरुले देखाएको मार्गमा अघि बढ्ने प्रण गर्दै यो विद्यालयको शिर अझ उच्च बनाउने काममा हाम्रो विद्यालय परिवार जुट्ने छ। हामो विद्यालय राम्रो विद्यालय भन्ने अवधारणाका साथ विद्यालयलाई अझ राम्रो बनाउन हरतरहले प्रयासरत् रहने हाम्रो प्रण छ। विद्यालयको सम्पूर्ण विकासमा सहयोग गर्नुहुने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लगायत साथीहरु, शिक्षक अभिभावक संघका साथीहरु तथा शिक्षक, कर्मचारी वर्गलाई समेत धन्यवाद दिन चाहन्छु।

अब गाउँ-गाउँका विद्यार्थी इञ्जिनियर बन्छन्। हामीले छोराछोरीलाई इञ्जिनीयर पढाउन अब बाहिर पठाउनु पर्दैन। घरको खान खाएर गाउँ-गाउँमा छोराछोरी इञ्जिनीयर पढाउन पाउनु हामी सबैका लागि खुशीको कुरा हो। यो ढोका हामीले खुल्ला गरिसक्यौं।

